# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७१ | काठमाडौं | सोमबार, १८ असार २०८० | Prabhab National Daily | Monday, July 03, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# मुख्यमन्त्रीका दुवै दाबेदार काठमाडौंमा



- कांग्रेसका उद्धव थापा र माओवादीका इन्द्रबहादुर आङ्बो काठमाडौंमा
- गठबन्धनका केन्द्रीय नेताहरूसँग आजदेखि भेटघाट गर्ने
- प्रदेश प्रमुख परशुराम खापुङद्वारा संविधानको धारा १६८ (२) अनुसार सरकार गठनको आह्वान
- यही असार २१ गते बेलुकी ५:०० बजेसम्म दाबी पेस गर्ने समय

■ जेबी योञ्जन

**काठमाडौं–** कोशी प्रदेशसभामा विश्वास गुमाएपछि मुख्यमन्त्री हिक्मतकुमार कार्की स्वतः पदमुक्त भएको दुई दिनपछि बल्ल सरकार गठनको आह्वान भएको छ । प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ को उपधारा (२) अनुसार सरकार गठन गर्न दलहरूलाई आइतबार आह्वान गरे । अब प्रदेशसभामा रहेका दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यले मुख्यमन्त्रीमा दाबी गर्न पाउनेछ ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठका अनुसार यही असार २१ गते बेलुकी ५ बजेसम्म मुख्यमन्त्रीमा दाबी गर्न समय तोकिएको छ । खापुङले महान्यायाधिवक्ता डा. दिनमणि पोखरेलसँग राय लिएर सरकार गठनका लागि दाबी पेस गर्ने समय तोकेका हुन् । प्रवक्ता श्रेष्ठले जारी गरेको विज्ञप्तिमा कोशी प्रदेश सरकारको मुख्यमन्त्री नियुक्त गरी उनकै अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद् गठन गर्ने प्रयोजनका लागि दाबी पेस गर्न प्रदेश प्रमुख खापुङले आह्वान गरेको उल्लेख छ ।

प्रदेश संसद्मा रहेका दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी (एस) र जनता समाजवादी पार्टी (जसपा)ले सरकार गठनमा दाबी गर्ने भएका छन् । तर, कांग्रेस र माओवादीमध्ये मुख्यमन्त्री भएर पहिलो चरणमा सरकारको नेतृत्व कसले लिने भन्ने टुंगो लागेको छैन । यसबारे 'लबिइङ' गर्न प्रदेशस्थित कांग्रेसका उद्धव थापा र माओवादी नेता इन्द्रबहादुर आङ्बोसहितका नेताहरू केन्द्रीय नेताहरूसँग भेटघाट गर्न आइतबारै काठमाडौं आइपुगेका छन् ।

थापा र आङ्बो दुवैजना मुख्यमन्त्रीका दाबेदार छन् । पहिलो चरणमै उनीहरू मुख्यमन्त्री नभई नछाड्ने अडानमा छन् । सरकारको नेतृत्व लिनेबारे पनि दुवै दलको संसदीय दलले निर्णयसमेत गरिसकेका छन् । कांग्रेस केन्द्रीय सहमहामन्त्री भीष्मराज आङ्देम्बे कोशीमा कसको नेतृत्वमा सरकार गठन गर्ने भन्ने टुंगो लाग्न अझै केही दिन लाग्ने बताउँछन् ।

'प्रदेशदेखि दाबेदार नेताहरू काठमाडौं आइपुगेका छन्, नेताहरूले के भन्छन् ? कसलाई ग्रीन सिग्नल दिन्छन्, उनी नै मुख्यमन्त्री हुने हुन्,' आङदेम्बेले प्रभावसँग भने, 'अहिलेसम्म त गठबन्धनका शीर्ष नेताहरूको बैठक नै बसेको छैन ।'

अघिल्लोपटक प्रदेशमा कांग्रेसका राजीव कोइरालाले मुख्यमन्त्री हुन चाहेका थिए । तर, तत्कालीन प्रदेश १ मा सरकारको नेतृत्व गर्ने अवसर नेकपा एसलाई मिल्यो । सानो दल भए पनि उक्त दलबाट राजेन्द्रकुमार राई मुख्यमन्त्री भए । त्यतिबेला पनि कांग्रेसको दलीय हैसियत दोस्रो नै थियो । यति हुँदा हुँदै पनि अन्ततः कांग्रेस नेकपा एसबाट राईलाई मुख्यमन्त्री बनाउन तयार भयो ।

त्यसबेला माओवादीबाट आङ्बो पनि मुख्यमन्त्रीका दाबेदार थिए । तर, उनी प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्रीमा सीमित भए । प्रदेशका पहिलो मुख्यमन्त्री शेरधन राईको कार्यकालमा भने झण्डै ४२ महिना उनले सोही मन्त्रालय सम्हालेका थिए ।

उनै आङ्बो यसपटक भने जसरी पनि मुख्यमन्त्री हुने खोजिरहेका छन् । (बाँकी पृष्ठ २ मा)

# सत्ता गठबन्धनमा 'खटपट'



- बजेट पारित हुनुपूर्व कांग्रेसइतर सत्ता गठबन्धनले समाजवादी मोर्चा गठन गर्दै खटपटको संकेत गरेका थिए
- संशोधनविना कुनै पनि हालतमा बजेट पारित हुन नदिने अडानमा रहेका जसपा र एकीकृत समाजवादी कांग्रेस सभापति शेरबहादुर देउवा सिंगापुरबाट काठमाडौं उत्रिएसँगै 'ब्याक'
- एमाले अध्यक्ष केपी शर्मा ओली चितवन पुगेर कांग्रेससँग सत्ता सहकार्यबारे कुनै विषयमा कुराकानी नभएको दाबी गरेको केही दिनमा दाहालले कांग्रेसमाथि असन्तुष्टि पोख्न थालेका हुन्

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्षका लागि बजेट आएसँगै खटपट देखिएको सत्ता गठबन्धनभित्रको असन्तुष्टि फेरि बाहिरिन थालेको छ । कोशी प्रदेशमा नयाँ सरकार निर्माणको पूर्वसन्ध्यामा प्रधानमन्त्री पुष्पकमल दाहालले गठबन्धनमा खटपट दोहोरिएको छनक दिएका हुन् ।

आइतबार भक्तपुरमा नेपाल कम्युनिस्ट पार्टीका एकजना संस्थापक नारायण विलास जोशीको प्रतिमा अनावरण कार्यक्रममा पुगेर प्रधानमन्त्री दाहालले फेरि नेकपातिरै फर्किनुपर्ने धारणा राख्दै असन्तुष्टि पोखेका हुन् ।

'त्यतिबेला माधवजी र मैले के पनि भनेका छौं भने फेरि नेकपातिरै फर्किनुपर्दछ । फेरि पार्टीलाई एकताबद्ध गर्नुपर्छ पनि हामीले भनेका छौं,' समाजवादी मोर्चाबारे चर्चा गर्दै वामपन्थी एकताबारे दाहालले भने । बजेट पारित हुनुपूर्व असार ४ गते माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीबीच समाजवादी मोर्चा गठन भएको थियो । सत्ताका प्रमुख साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उपचारका लागि सिंगापुर रहेको बेला मोर्चा गठन गरिएको थियो । त्यतिबेला माधव नेपालको एकीकृत समाजवादी र उपेन्द्र यादवको जनता समाजवादी पार्टीले संशोधनविना बजेट पास नहुने भन्दै विरोध जनाएका थिए ।

समाजवादी मोर्चामा रहेको सत्ताधारी दुई दलले बजेटको विरोध गर्नु गठबन्धनको सरकारमा खटपट उब्जेको स्पष्ट संकेत मिलेको थियो । तर, कांग्रेस सभापति देउवा सिंगापुरबाट काठमाडौं उत्रिएसँगै असन्तुष्टि सामसुम भयो । अर्थमन्त्री डा. प्रकाशशरण महतले जेठ १५ गते संसद्मा पेस गरेको आर्थिक वर्ष २०८०/८१ को बजेट संशोधनविनै मतदानबाट पारित भयो । यद्यपि, बजेट पारित मुस्किलले भएको थियो । बुधबार बजेट पारित (बाँकी पृष्ठ २ मा)

## दाहाललाई माधव नेपालको साथ

गठबन्धनमा खटपट रहेको आशंकालाई बल पुग्ने गरी धारणा राखेका छन् एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पनि । भक्तपुरको कार्यक्रममा दाहालको प्रशंसा गर्दै नेपालले जनताका दुःखहरूमा सक्दो सम्बोधन गर्ने प्रयाससमेत भइरहेको दाबी गरे ।

'जनताको जीवनमा आमूल परिवर्तन गर्ने, जनताको जीवनलाई सुखी बनाउने, यी सबै कामको जिम्मेवारी अहिले पनि कम्युनिस्ट पार्टीले नै गर्नुपर्नेछ,' नेपालले भने, 'त्यही कम्युनिस्ट पार्टीको नेताको रूपमा अहिले हामीले प्रधानमन्त्री पाएका छौं । कमरेड पुष्पकमल दाहाल प्रचण्डले यो देशको अगुवाइ गर्दै हुनुहुन्छ । उहाँले समाजवादको यात्रामा देशलाई कसरी अगाडि बढाउने हो, यस बारेमा अझै पनि गम्भीर चिन्तन मनन गरेर के गर्दाखेरि जनताका वेदना र दुःखहरूलाई सम्बोधन गर्न सकिन्छ भन्ने सन्दर्भमा उहाँले आफ्नो तर्फबाट प्रयास गर्दै हुनुहुन्छ ।'

## जनमतलाई सरकारमा भित्र्याउने तयारी

यसैबीच प्रधानमन्त्री दाहाल र जनमत पार्टीका अध्यक्ष डा. सिके राउतबीच भेट भएको छ । आइतबार बालुवाटारस्थित प्रधानमन्त्री निवासमा पुगेर राउतले प्रधानमन्त्री दाहाललाई भेटेका हुन् । गठबन्धनमा रहे पनि केही असन्तुष्टि राख्दै सरकारबाहिरै रहेको जनमत पार्टीलाई प्रधानमन्त्री दाहालले सरकारमा सहभागी हुन आग्रह गरेको अध्यक्ष राउतले जानकारी दिए ।

अध्यक्ष राउतले भने, 'प्रधानमन्त्रीले तपाईंहरू सरकारमा आउनुस् म मिलाउँछु भन्नुभएको छ, अब गठबन्धनका सबै दलहरूबीच सहमति बनाउनुपर्छ ।' जनमतलाई सरकारमा ल्याउनका लागि नेपाली कांग्रेस इच्छुक नरहेको बताइएको छ । तर, दाहाल भने आफ्नै मन्त्रालय कटाएर भए पनि डा. राउतलाई खुसी बनाउनेतिर लागेको जनमत स्रोतले जनायो । माओवादीबाट सरकारमा सहभागी पर्यटनमन्त्री सुदन किराती वा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीमध्ये एक जनालाई बिदा गरेर जनमतका एक जनालाई सरकारमा भित्र्याउने दाहालले भित्री तयारी गरेका छन् ।

सन्दर्भ : वैदेशिक रोजगार

# सेवा शुल्क पुनरावलोकन र 'कोटा' हटाउने श्रममन्त्रीको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीमा लागू गरिएको सेवा शुल्क पुनरावलोकन गर्ने बताएका छन् । साथै, म्यानपावर कम्पनीले वर्षदिनभित्र १०० जना कामदार अनिवार्य पठाउनुपर्ने व्यवस्था (कोटा) हटाउने प्रतिबद्धता जनाए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं स्थापना दिवसको अवसरमा आइतबार आयोजित कार्यक्रममा उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

कोटा हटाउन ऐनमा नै संशोधन गर्नुपर्ने भएकाले संसद्मा विधेयक दर्ता भइसकेको मन्त्री भण्डारीले जानकारी दिए । उनले समसामयिक रूपमा व्यवसायीलाई उत्तरदायी बनाउने उद्देश्यले सेवा शुल्क परिमार्जनका लागि मन्त्रालयले गठन गरेको कार्यदलले काम गरिरहेको बताए । यसमा कार्यदलले दिएको प्रतिवेदन र सरोकारवाला सबैसँग छलफल गरेर सेवा शुल्क तय गरिने उनले जानकारी दिए । त्यस्तै अन्तर्राष्ट्रिय श्रमबजारमा बलियो उपस्थिति जनाउन स्वस्थ, मर्यादित र सुरक्षित रोजगारीका लागि आफैंबाट नैतिक अभ्यास हुनुपर्ने मन्त्री भण्डारीले बताए ।

'हामीसँग मजाक गर्ने समय छैन,' उनले भने, 'प्रशस्तै काम गर्नुपर्ने छ, भाषण कम र परिणाममुखी कार्य अहिलेको आवश्यकता हो ।' मन्त्री भण्डारीले व्यवसायीलाई पहिले पनि आफूले सुझाव दिएको उल्लेख गर्दै म्यानपावर कम्पनीहरूलाई नाम परिवर्तन गरी फरेन इम्प्लोइमेन्ट एजेन्सी वा यस्तै अरु नामकरण गर्न आग्रह गरे । 'तपाईंहरूले गरेको व्यवसाय जब प्लेसमेन्ट एजेन्सी हो, भरसक यसको नाम परिवर्तन गर्नु राम्रो होला,' उनले भने ।




मन्त्री भण्डारीले १०० को कोटा हटाउन ऐनमा नै संशोधन गर्नुपर्ने भएकाले संसद्मा विधेयक दर्ता भइसकेको जानकारी दिए । उनले समसामयिकरूपमा व्यवसायीलाई उत्तरदायी बनाउने उद्देश्यले सेवा शुल्क परिमार्जनका लागि मन्त्रालयले गठन गरेको कार्यदलले काम गरिरहेको बताए ।

वैदेशिक रोजगार क्षेत्रमा गुनासो नभए पनि समस्या रहेको उनको भनाइ छ । व्यवसायीहरूले उठाइरहेको सेवा शुल्क र कोटाको नियम कसले किन ल्यायो भन्नेमा आफैं अन्योलमा रहेको मन्त्री भण्डारीले बताए । सरकारले व्यापार व्यवसाय गर्ने नभई व्यवसायीलाई सहजीकरण र उपयुक्त वातावरण बनाइदिन भूमिका खेल्ने उनको भनाइ छ । मन्त्री भण्डारीले सरकार-सरकारबीच (जिटुजी) हुने श्रम सम्झौतामा पनि पुनरावलोकन गर्नुपर्ने अवस्था देखिएको बताए । 'वैदेशिक रोजगारको क्षेत्रमा सम्भावना छ, काम गर्ने ठाउँ छ, व्यवस्थित गरेर किन नपठाउन,' उनले भने, 'व्यवसायलाई नियन्त्रण गर्नु उपयुक्त हुन्न, यहाँ समस्या छ भन्ने पहिचान भइसकेको छ, समाधानको प्रयास पनि भइरहेको छ ।'

जसको हातमा सीप छ उसको रोजगार पक्का हुने भएकाले वैदेशिक रोजगारीमा जान सीपयुक्त जनशक्ति निर्माण गर्न व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानले छ महिनाभन्दा कम अवधिको तालिम दिनेगरी काम गरिरहेको उनले जानकारी दिए । वैदेशिक रोजगार व्यवसायीले पनि सुधारका लागि सहयोगी भूमिका खेल्नुपर्ने भन्दै उनले गन्तव्य मुलुकलाई सीपविनाको मान्छे नेपालले पठाउँदैन भन्ने छाप पार्न र सीपको ब्राण्डिङ गर्नुपर्ने बताए ।

'सरकारले श्रमबजार खोज्छ, सहजीकरण गरिदिन्छ, व्यवसाय गर्ने वातावरण बनाई दिन्छ,' मन्त्री भण्डारीले भने, 'तर, सरकारले दिएको छुट र सुविधा दुरूपयोग हुनुभएन, अन्यथा सरकार कठोर रूपमा प्रस्तुत हुनुपर्ने अवस्था आउँछ ।'

त्यस्तै युरोपेली मुलुकबाट आएका मागपत्र प्रमाणीकरण नभएकोप्रति मन्त्रालयको ध्यानाकर्षण भएको भन्दै उनले यसलाई छलफल र उचित निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव राखेको बताए । त्यसैगरी विदेशमा रहेका अवैध कामदारलाई एकपटक वैधानिकता दिनेसम्बन्धमा पनि छलफल भइरहेको बताए । मुलुकको अर्थतन्त्र चलायमान बनाउन भूमिका निर्वाह गरेको वैदेशिक रोजगारलाई मर्यादित बनाउन सबैले इमान्दार बन्नुपर्नेमा मन्त्री भण्डारीले जोड दिए । वैदेशिक रोजगारले स्वयं व्यक्तिको मात्रै नभई मुलुकको इकोनोमी बलियो बनाउन भूमिका खेलेको उनले उल्लेख गरे ।

यस्तै मन्त्रालयका सचिव केवल भण्डारीले वैदेशिक रोजगारी कालन्तरदेखि हुँदै आएको एउटा प्रक्रिया भएको बताए । उनले भने, 'व्यबसायीले पठाउन (बाँकी पृष्ठ २ मा)




# ‘नेपालमा आर्थिक सहयोग बढाउन चीन सकारात्मक’

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको विकास प्रक्रियामा आर्थिक सहयोग बढाउन चीन सकारात्मक रहेको बताएका छन् । पाँचदिने चीन भ्रमण सम्पन्न गरी स्वदेश फर्किएका उनले आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै चीनका उपप्रधानमन्त्री तथा सिचुवान प्रान्तका पार्टी प्रमुख नेपाललाई आगामी दिनमा आर्थिक सहयोग वृद्धि गर्न सकारात्मक देखिएको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले आफ्नो चीन भ्रमणका क्रममा नेपाल र चीनबीच सम्बन्ध सुदृढीकरण, व्यापार र लगानी प्रवर्द्धन तथा आर्थिक विकासमा बृहत् छलफल भएको बताए । ‘आर्थिक विकास र समृद्धिलाई केन्द्रबिन्दुमा राखेर नेपाल सरकार अगाडि बढिराखेको सन्दर्भमा चीनले गरिरहेको आर्थिक सहयोगलाई अझ वृद्धि गर्नका लागि अनुरोध गरेका छौं,’ उनले भने, ‘चीनका उपप्रधानमन्त्री ह लि फङ तथा पार्टीका सिचुवान सचिव वाङ सिवहुइले पनि सकारात्मक ढंगले सोचिने विश्वास दिलाउनुभएको छ ।’

भ्रमणका क्रममा उपप्रधानमन्त्री श्रेष्ठ र चीनका उपप्रधानमन्त्री फङबीच द्विपक्षीय भेटवार्ता भएको थियो । वार्तामा दुई देशबीच व्यापार, लगानी, पर्यटन, ‘कनेक्टिभिटी’लगायत विषयमा छलफल हुनुका साथै चीनद्वारा नेपालमा थप सहयोग बढाउने बारेमा विचारविमर्श भएको थियो । थप व्यापारिक नाका खोल्ने र नेपाल-चीन सीमा नाकामा आवातजावत सहज बनाउने विषयमासमेत सकारात्मक छलफल भएको थियो । चिनियाँ अधिकारीसँगको भेटका सन्दर्भमा उनले भने, ‘चीनले नेपालको विकास प्रक्रियामा महत्त्वपूर्ण साझेदारको भूमिका खेल्दै आएको छ ।

भूकम्प, कोरोना महामारीलगागत नेपाललाई अप्ठ्यारो परेको समयमा चीनले महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ, त्यसका लागि हार्दिक आभार प्रकट गरेको छौं,’ उपप्रधानमन्त्री श्रेष्ठले भने । व्यापार र पर्यटन प्रवर्द्धन गर्न चिनियाँ पक्षसँग विशेष अनुरोध गरिएको जानकारी दिँदै उनले बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) परियोजना कार्यान्वयनका सम्बन्धमा पनि छलफल भएको बताए ।

‘चिनियाँ पक्षबाट बिआरआईअन्तर्गतका परियोजनाबाट नेपालले लाभ लिनका लागि के-कस्तो तयारी गरेको छ भनी जिज्ञासा राखेको छ,’ उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘हामीले सो परियोजनाको सन्दर्भमा नेपालको योजना र ‘स्टेप’का बारेमा प्रस्ट पारेका छौं ।’ नेपालले बिआरआईअन्तर्गतका परियोजना कार्यान्वयनमा लैजान सन् २०१७ मा हस्ताक्षर गरेको थियो । कार्यान्वयन योजनालाई अन्तिम रूप दिन दुई पक्षकाबीचमा मस्यौदा आदानप्रदान भएको छ ।

‘मस्यौदालाई अन्तिम रूप दिइसकेपछि ठोस् परियोजना र ढाँचाका बारेमा छलफल गरेर टुंगो लगाउँछौं र बिआरआइबाट पनि हामी लाभान्वित हुने आशा राखेको कुरा हामीले भनेका छौं,’ उनले भने ।

भ्रमणका क्रममा सिचुवान एयरलाइन्सका पदाधिकारीसँग छलफल भएको जानकारी दिँदै उपप्रधानमन्त्री श्रेष्ठले छेन्दुबाट नेपालका नयाँ विमानस्थलमा उडान गर्न एयरलाइन्सले सकारात्मक जवाफ दिएको बताए । उनले छेन्दु-काठमाडौं रुटमा दैनिक उडान संख्या थप गर्न र पोखरा तथा भैरहवा विमानस्थलमा व्यावसायिक उडान गर्न आग्रह गरिएको जानकारी दिए ।

‘छेन्दु-काठमाडौं दैनिक उडान गर्न अनुरोध गरेको छौं । त्यसमा उहाँहरूले सकारात्मक वचन दिनुभएको छ । छेन्दु-पोखरा र छेन्दु-भैरहवा व्यावसायिक उडानका निम्ति आग्रह गरेका छौं । त्यसमा उहाँहरूले पोखरामा अलि बढी सकारात्मक ढंगले सोचेको जानकारी गराउनुभएको छ । हामीले छेन्दुबाट भैरहवामा पनि सीधा उडानका लागि जोड दिएका छौं,’ उपप्रधानमन्त्री श्रेष्ठले भने ।

# महानगर विश्व संघको सञ्चालक समिति सदस्यमा प्रमुख साह

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन) महानगर विश्व संघको सञ्चालक समिति सदस्य पदमा निर्वाचित भएका छन् । संघका महासचिव जोडी वाकरले प्रमुख साहलाई पत्र पठाउँदै २०२४ देखि २०२६ सम्मको कार्यकालका लागि निर्वाचित भएको जानकारी दिएको महानगरले जनाएको छ । उक्त कार्यकाल सन् २०२४ को जनवरी महिनाबाट सुरु हुने जानकारी दिइएको छ ।

महानगरले दिएको जानकारी अनुसार सञ्चालक समिति संघको प्रमुख व्यवस्थापकीय अंग हो । सदस्यहरूको महासभाले तोकेको दिशा निर्देश पूरा गर्नु यसको मुख्य जिम्मेवारी हुन्छ । रणनीतिक अभिमुखीकरणको विकास र महानगरका लक्ष्यको विकास तथा उपलब्धिका लागि आवश्यक निर्णय गर्नु यसको काम हो ।

पत्रमा भनिएको छ, ‘म तपाईंको भूमिकाबारे थप जानकारी प्रदान गर्न, आगामी वर्षहरूका लागि तपाईंको संस्थाका प्राथमिकताका बारेमा जान्न र महानगरको रणनीतिक दिशासँग जोड्ने तरिकाका बारेमा जान्नका लागि तपाईंको टोलीसँग एक छोटो बैठकको प्रस्ताव गर्न चाहन्छु । तपाईंको वैधानिक भूमिकाको अवधिमा हामी महानगरमा संयुक्त कामहरू गर्न सक्छौं ।’

ठूला सहरी समूहको यो संघले सरकारहरूलाई भेला गरेर महानगरको दिगो र समान विकास तथा उत्थानशील समाज रूपान्तरणका लागि रणनीतिक योजना तर्जुमा गर्छ । यसले महानगरीय प्रशासनसँग विश्वव्यापी विज्ञता, स्थानीय र विश्वव्यापी मुद्दालाई वृहत दायरामा जोड्छ । अनुभवहरू साटासाटको अवसर उपलब्ध गराउँछ ।

यसका १४० भन्दा धेरै ठूला महानगरपालिका सदस्य छन् । दक्षिण एसियाली मुलुकका ८० वटा सहर यसका सदस्य हुन् । ल्याटिन अमेरिका र क्यारेवियन मुलुकबाट २० वटा, उत्तर अमेरिकाका सात वटा, युरोपका १८ वटा र अफ्रिकाका २५ वटा सहर सदस्य छन् ।

## लैंगिक तथा यौनिक अल्पसंख्यकको माग

**काठमाडौं (प्रस)–** लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायले भोग्नुपरेका सामाजिक, आर्थिक, राजनीतिक मुद्दामा राज्यको ध्यान दिनुपर्नेमा जोड दिइएको छ ।

राष्ट्रिय महिला आयोगले आइतबार आयोजना गरेको ‘लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकारको सवाल विषयक’ अन्तरक्रियामा सहभागी लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका अभियन्ताहरूले उनीहरूमाथि हुने हिंसा र सामाजिक विभेदविरुद्ध नीतिगत राज्यले व्यवस्था गर्न आग्रह गरेका हुन् ।

आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले लैंगिक हिंसा न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि सरकारसमक्ष पेस गर्न गठित आयोगले लैंगिक तथा यौनिक अल्पसंख्यक वर्गलाई छुटाउन नमिल्ने बताइन् । उनले लैंगिक तथा यौनिक अल्पसंख्यक वर्गभित्रको पनि विविधता र त्यस्तै समस्या, चुनौती र अवसर र आवश्यकताबारे विस्तृत जानकारी प्राप्त गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको स्पष्ट पारिन् ।

## सेवा शुल्क...

पृष्ठ १ बाट जारी

अघिदेखि नै कुनै न कुनै रूपमा वैदेशिक रोजगारमा जाने चलन चलिआएकै थियो, अहिले समय, परिस्थिती फेरीएको छ ।’ वैदेशिक रोजगारीको क्षेत्रमा पहिलेदेखि समस्य देखिएको भन्दै उनले केही नितिगत परिवर्तन हुने तयारी भइरहेको जानकारी दिए । ‘अहिले देखिएका समस्या समाधान गर्न सरकार प्रतिबद्ध छ,’ उनले भने ।

त्यस्तै वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालले व्यवसाय सञ्चालकहरू मर्यादित हुनुपर्ने बताए । मर्यादित रूपमा व्यवसाय सञ्चालन नगरे सुरक्षित र व्यवस्थित हुन नसक्ने भन्दै उनले सुधारका लागि हातेमालो गर्न तयार रहेको बताए । उनले व्यवसायीलाई थप जिम्मेवार बनाउन अन्तिम श्रम स्वीकृतिका लागि जिम्मेवारी दिइएको बताए । यसकै लागि अनलाइन अटोमेसन तालिम अनिवार्य गरिएको पनि दाहालको भनाइ छ । कानुनले एजेन्टको कल्पना नगरे पनि एजेन्टविनाको म्यानपावर नभएको दावी गरे । उनले सेवा शुल्क परिमार्जनमा व्यवसायीहरूले विभिन्न मुलुकको मोडल सुनाएको भन्दै आफ्नै नेपाली मोडल तय गर्न र लागू गर्न विभाग प्रतिबद्ध रहेको बताए । दाहलले व्यवसायीहरूबाट इथिकल काम हुन नसकेको आरोप लगाए । ‘व्यसायीहरूले साँच्चिकै इथिकल काम गर्नुभएको छ त ?,’ उनले प्रश्न गरे । व्यवसायीलाई सम्बोधन गर्ने क्रममा उनले बारम्बार सुध्रिन आग्रह गरिरहे ।

यसैगरी वैदेशिक रोजगार बोर्ड सचिवालयका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले वैदेशिक रोजगारको क्षेत्र पहिलेको तुलनामा सम्मानित हुँदै गएको बताए । उनले वैदेशिक रोजगार व्यवसायीहरूकै समन्वय र सहकार्यमा बोर्डले नयाँ गन्तव्य मुलुकको खोजी गर्ने बताए । यसको अलावा बोर्डले विदेश जाने युवालाई सीपयुक्त बनाई रोजगारीका लागि योग्य बनाउने, विदेशमा अलपत्र परेका, गम्भीर बिरामी परेका र मृत्यु भएकाहरूका लागि राहत, उद्धार गर्ने बताए । साथै, विदेशबाट फर्किएकाहरूलाई स्वदेशमा नै उद्यमशीलता प्रवर्द्धन गर्न पुनःएकीकरण कार्यक्रम सञ्चालनमा ल्याइएको जानकारी दिए ।

यसैगरी सांसद एवं संघका पूर्वअध्यक्ष एलपी साँवा लिम्बूले व्यवसायीका समस्याको मात्रै कुरा हुने गरे पनि योगदानको चर्चा हुन नसकेको बताए । ‘वैदेशिक रोजगारीको क्षेत्र विगतदेखि तमाम अप्ठ्यारो पार गरेर आजको स्थितिमा आइपुगेको हो,’ उनले भने, ‘केही केही घटनाका कारण व्यवसायीको मानमर्दन गर्ने काम भएको छ, यस क्षेत्रको योगदानबारे कसैले आवाज उठाउँदैन ।’

उनले वैदेशिक रोजगारीले नेपालीको सरदर आयुसमेत बढेको बताए । रोजगारीकै कारण आम युवाले आफ्ना छोराछारीलाई राम्रो शिक्षादिक्षा दिएको बताए । सामाजिक, राजनीतिक र व्यक्तिगत सम्पन्नताका लागि वैदेशिक रोजगारीले ठूलो योगदान गरेको उनले बताए । वैदेशिक रोजगारीका क्षेत्रमा अहिले थुप्रै समस्या आइसकेको भन्दै सांसद लिम्बूले ऐन कानुन परिवर्तन र आव्यवहारिक विषयलाई सुधार गर्न सरकारसँग आग्रह गरे । यस्तै उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले बार्षिक रूपमा श्रमबजारमा ५ लाख युवा प्रवेश गर्ने बताउँदै स्वदेशमा रोजगारी नहुँदा वैदेशिक रोजगार व्यवसायीहरूले नै उनीहरूको व्यवस्थापन गरेको बताए । उनले व्यवसायीहरूको रोजगारीको भूमिका उल्लेखनीय रहेको बताउँदै युवा जनशक्तिलाई अवसर दिएकोमा खुसी व्यक्त गरे । श्रेष्ठले विदेश जाने युवालाई सीप र तालिम दियर पठाउन सके अझै उपलब्धिपूर्ण हुने उनको भनाइ छ ।

यस्तै संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगारका क्षेत्रमा देखिएका समस्या समाधानको सरकारसँग पटकपटक छलफल र आग्रह गरिएको बताए । उनले अहिले भएको १०० कोटाका कारण कतिपय व्यवसायीले आफ्नो संस्था नवीकरण गर्न नसक्ने अवस्थामा पुगे पनि श्रम मन्त्रालयले आवश्यक पहल गरी नवीकरणका लागि व्यवस्था गरिदिनेमा आशावादी रहेको बताए । सेवा शुल्क परिमार्जन र मागपत्र प्रमाणीकरणका सम्बन्धमा पनि मन्त्रालयसँग आवश्यक छलफल भइरहेको भण्डारीले बताए । उनले संघको स्थापना दिवस भव्यताकासाथ सफल पार्न सहयोगी भूमिका खेल्ने सबैमा कृतज्ञता प्रकट गरे ।

संघले स्थापना दिवसको अवसर पारेर संस्थापक अध्यक्ष स्व. महेन्द्र शेरचन, पूर्वअध्यक्षहरू प्रेमबहादुर गुरुङ, पुष्पलाल महर्जन, निर्मल गुरुङ, दानबहादुर तामाङ, भरतसिं थापा, ताराप्रसाद भट्टराई, एलपी साँवा लिम्बू, तिलक रानाभाट, प्रेमबहादुर कटुवाल, स्व. सोमलाल बाटाजु, दिलप्रसाद पोखेल, बलबहादुर तामाङ, हंसराज वाग्ले, विमल ढकाल, रोहन गुरुङ, स्व. विष्णु गैरेलाई वैदेशिक रोजगार सम्मान गरेको छ । त्यस्तै कानुन कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भु थापा, अधिवक्ता शम्भु निरौला र देवराज कटुवाललाई पनि सम्मान गरिएको छ ।

संघले स्थापना दिवसकै अवसर पारेर विभिन्न सामयमा मृत्यु भएका व्यवसायीहरूको परिवारलाई दुई लाख रूपैयाँको दरले आर्थिक सहयोगसमेत गरेको छ । साथै, वैदेशिक रोजगार व्यवसायीको सामाजिक कल्याणकारी कोषमा अर्थिक सहायता प्रदान गर्ने १४ जनलाई कदरपत्र प्रदान गरिएको छ । त्यसैगरी संघले आयोजना गरेको रक्तदान कार्यक्रममा ३५५ जनाले रक्तदान गरेको संघले जनाएको छ ।

## सत्ता गठबन्धनमा...

पृष्ठ १ बाट जारी

गर्दा पक्षमा १४७ मत खस्यो भने विपक्षमा १०८ मत । बजेट पारित हुनुअघि समाजवादी मोर्चा बनाएर दाहालले घुर्की लगाए पनि कांग्रेस एमालेतिर नजिकिएको छनक पाएसँगै दाहाल लचक बनेका थिए । त्यतिबेला एमालेले कांग्रेसलाई मिलेर सरकार बनाउने प्रस्ताव राखे पनि देउवा आश्वस्त हुन नसकेको बताइन्छ ।

देउवाले नमानेपछि एमाले अहिले पुरानै गठबन्धन ब्युँताउन माओवादीतिर लागेको आशंका कांग्रेस नेताहरूले गरेका छन् । त्यसैको संकेत प्रधानमन्त्री दाहालले आइतबार भक्तपुरमा गरे । उनले एमालेसँग मिल्दा एकपटक असफल भए पनि त्यसबाट शिक्षा लिएर अगाडि बढ्न सकिने र सफल हुनेसमेत तर्क गरे ।

‘तत्कालीन नेकपा एमालेका अध्यक्ष केपी ओलीसँग कम्युनिस्टहरूसँग एकता गऱ्यो भने छिटोभन्दा छिटो हामीले आर्थिक समृद्धितिर पनि जान सकिन्छ । समाजवादतिर पनि डोऱ्याउन सकिन्छ भनेको थिएँ । एकता भयो पनि । देशको सबभन्दा ठूलो शक्ति पनि भयो । अब कम्युनिस्टहरूले ४०/५० वर्ष कति लाने हुन् शासन भन्ने भएको थियो,’ दाहालले भने, ‘तर, दुर्भाग्य हामीले त्यसलाई बचाउन सकेनौं । म अहिले कसैलाई दोषारोपन गर्न उभिएको छैन । हामी एकपटक असफल भए पनि फेरि त्यसबाट शिक्षा लिएर अगाडि बढ्ने उद्देश्य राख्नुपर्दछ ।’

दाहालले कम्युनिस्ट आन्दोलन के कारणले टिक्न सकेन भन्ने विषयमा गम्भीर समीक्षासमेत गर्नुपर्ने बताए । ‘आज हामीले फेरि एकपटक चिन्तन गर्नुपऱ्यो कि हिजो एकीकृत भएको कम्युनिस्ट आन्दोलन के कारणले टिक्न सकेन, त्यहाँ के त्रुटि थियो, के प्रवृत्तिका कारण हाम्रो विभाजन भयो भन्ने गम्भीर समीक्षा गरेर त्यसबाट शिक्षा लिएर अगाडि जाने जमर्को गर्नुपर्दछ ।’

बिहीबारमात्र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीले कांग्रेससँग सरकार परिवर्तनबारे कुनै ‘लबिइङ’ नगरेको दाबी गरेका थिए चितवन पुग्ने क्रममा भरतपुर विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै अध्यक्ष ओलीले कांग्रेससँग आफूले सरकार गठनको कुनै प्रस्ताव नगरेको दाबी गरेका हुन् । ‘कांग्रेससँग मैले प्रस्ताव गरेको छैन, कांग्रेसले पनि मलाई प्रस्ताव गरेको छैन । तपाईं (पत्रकार) मार्फत जानकारी पाइरहेका छौं,’ नयाँ सरकार गठनबारे सोधिएको प्रश्नमा ओलीको जवाफ थियो ।

## मुख्यमन्त्रीका...

पृष्ठ १ बाट जारी

गत ४ मंसिरमा भएको निर्वाचनमा उनले ‘मुख्यमन्त्री’ कार्ड फालेका थिए । निर्वाचित भएपछि २४ पुसमा हिक्मतकुमार कार्कीको सरकारमा आलोपालो मुख्यमन्त्रीमा अडान राखे । त्यसमा कार्की सहमत पनि भए । तर, कार्कीको सरकार १७३औं दिनमै ढल्यो । जसले गर्दा आलोपालोमा मुख्यमन्त्री हुने अवसर आङ्बोलाई मिलेन ।

अब, गठबन्धन दलका नेताहरू प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा, जसपा अध्यक्ष उपेन्द्र यादव र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले आङ्बोलाई मुख्यमन्त्री बनाउँछन् कि थापालाई ? अन्योल कायमै छ ।

थापाको भने संसदीय राजनीतिमा अनुभव छैन । सरकारमा रहेर काम गरेका छैनन् । तैपनि गठबन्धनको ठूलो दलको हैसियतमा उनले मुख्यमन्त्रीमा दाबी गरेका छन् ।

‘नेताहरूले के भन्नुहुन्छ ? थाहा छैन तर मेरो दाबी मुख्यमन्त्रीमा छ, दलको निर्णय पनि छ,’ उनले भने, ‘फेरि, हाम्रो दल कांग्रेस प्रदेशमा गठबन्धनको ठूलो दल हो ।’

मुख्यमन्त्रीको दौडबाट नेकपा एस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई भने ‘रिङ आउट’ भएका छन् । उनले यसपटक कांग्रेस र माओवादी संसदीय दलका नेताहरूलाई मुख्यमन्त्रीमा सहयोग गर्ने बताए ।

तर, गठबन्धनका चार दललाई सरकार गठनमा चुनौती अधिक छ । कारण, सभामुख बाबुराम गौतमले मतदान नगरेको अवस्थामा सरकार गठन असम्भव छ । हुन त गठबन्धन दलहरूले संसद्मा छ सिटे दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई फकाइरहेका छन् । पूर्वमन्त्रीसमेत रहेका राप्रपा सांसद भक्तिप्रसाद सिटौलाले भने मुख्यमन्त्री नै दिए पनि सरकारमा आउने चाहना नभएको बताए । बरु, एमालेसँगको गठबन्धनमा रहन राप्रपा चाहन्छ । यी दुई दलको गरी संसद्मा ४६ जना सांसद छन् ।

चार दलीय गठबन्धनको सभामुखसहित ४७ जना सांसद छन् । यस्तो अवस्थामा सभामुखको मत नै सरकार गठनमा निर्णायक बन्ने स्थिति छ । तर, सभामुखले सरकार गठनमा मतदान गर्दा संसद्को निष्पक्ष नेताको रूपमा सभामुख चित्रित नहुने संविधानविद्हरूले टिप्पणी गर्दै आएका छन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : K C CONTRACTING WLL

पुर्व स्वीकृति मिति २०८०/०३/१७ | LT No.288708 | चलानी नं. ६०२०४१०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1400 | ५०,४६० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Civil Engineer | 1 | 0 | 4200 | १५१,३८० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३६,०४० | | | | | | | |
| 4 | Mason | 1 | 0 | 1100 | ३९,६४५ | | | | | | | |
| 5 | Painter | 1 | 0 | 1100 | ३९,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६४/०५६/०५७

SUN AND COMPANY PVT. LTD.

GPO Box: 4302, Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170

Fax : +997-1-4376145 E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com

Website : www.sunandcom.com



कर्णाली प्रदेश सरकार

## भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

सुर्खेत

**र्णाली प्रदेशको हुम्ला जिल्लामा अवस्थित मास्पुर-कवाडी-सडक (२२.०० कि मी ) निर्माणको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

( **प्रथम पटक प्रकाशित मितिः २०८०/०३/१८ गते** )

कर्णाली प्रदेश, हुम्ला जिल्ला, ताजाकोट गाँउपालिकामा पूर्वाधार विकास कार्यालय, सिमिकोट हुम्लाबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पूर्वाधार विकास कार्यालय<br>कर्णाली प्रदेश, हुम्ला<br>फोन नं.: ०८७-६८०२४९<br>इमेल : idohumla@gmail.com |
| **प्रस्तावको व्याहोरा** | मास्पुर-कवाडी-सडक (२२.०० कि मी ) |
| **प्रभाव पर्ने प्रदेश/ जिल्ला / न.पा. / गा.पा.** | कर्णाली प्रदेश, हुम्ला जिल्ला, ताजाकोट गाउँपालिका |

माथि उल्लेखित प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गईरहेको हुदा सम्पुर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान**

| प्रस्ताव | मिति | समय | स्थान |
|---|---|---|---|
| मास्पुर-कवाडी-सडक (२२.०० कि मी ) | २०८०/०३/२१ गते | दिउसो २:०० बजे | ताजाकोट गाउँपालिकको कार्यालय |

# मुठ्ठीदानबाट मदरसा सञ्चालन

■ सुशीला रेग्मी



**रामपुर (पाल्पा)–** मुठ्ठीदान तथा चन्दादाताबाट खर्च जुटाएर धेरै विद्यालय सञ्चालन गरिएका छन् । पाल्पा रामपुर नगरपालिका-४ स्थित इस्लामपुरमा रहेको मदरसा नुरुल हुदा आधारभूत विद्यालय एक नमूना धार्मिक विद्यालयका रूपमा चिनिएको छ । मुस्लिम समुदायका बालबालिकालाई शिक्षा दिन चन्दा उठाएर, विद्यार्थीबाट मुठ्ठीदान संकलन (जकात फण्ट) गरी उक्त विद्यालय सञ्चालन भइरहेको छ ।

यस विद्यालय रामपुरको १० उत्कृष्ट विद्यालयभित्र पर्दछ । हरेक हप्ताको बिहीबार विद्यार्थीले घरमा उत्पादन भएका विभिन्न अनाज विद्यालयमा लैजाने गर्दछन् । 'हरेक बिहीबार विद्यार्थीले घरमा उत्पादन भएका अनाज लिएर आउँछन् । बिहीबार विद्यालय आउँदा अनिवार्य केही न केही घरबाट लिएर आउनुपर्ने हुन्छ,' विद्यालयका सहायक प्रधानाध्यापक मोहम्मद सलिमले भने ।

विद्यार्थीले आफूले सकेको अनाज लिएर आउने र उक्त अनाज संकलन गरेर विद्यालयको छात्रावासमा बसोबास गर्ने विद्यार्थीका लागि खाद्यान्नका रूपमा प्रयोग गरिने उनले जानकारी दिए । सलिमका अनुसार विद्यार्थीले गरेको मुठ्ठीदानबाट छात्रावासमा बसोबास गर्ने विद्यार्थीलाई खाद्यान्न व्यवस्थापनमा सघाउ पुगेको छ । 'विद्यालयले मुठ्ठीदान ल्याउन अनिवार्य गरेको छैन । दैनिक विद्यालय अध्ययन गर्न आउने विद्यार्थीले स्वेच्छाले घरबाट अनाज मुठ्ठीदानका रूपमा ल्याउने गरेका छन्,' उनले भने ।

विद्यार्थीले ल्याएको मुठ्ठीदानबाट संकलित अनाजले छात्रावासमा बसोबास गर्ने विद्यार्थीका लागि करिब चारदेखि छ महिनासम्म खाद्यान्न व्यवस्थापन हुने विद्यालयले जनाएको छ । यस धार्मिक विद्यालयमा मुस्लिम समुदायका बालबालिकाले मात्रै अध्ययन गर्दछन् । यहाँ पठनपाठन गर्न देशका विभिन्न जिल्लाका विद्यार्थी आउने गरेका छन् । हाल विद्यालयमा छात्र ८१, छात्रा १३२ गरी जम्मा २१३ विद्यार्थी अध्ययनरत छन् ।

जिल्लाबाहिरका ८२ र स्थानीय १३१ विद्यार्थी शैक्षिक सत्रमा भर्ना भई अध्ययनरत रहेको विद्यालयले जनाएको छ । छात्रावासमा जिल्ला बाहिरबाट आएका ८२ विद्यार्थी रहेका विद्यालयका लेखापाल महम्मद अलिले बताए । उनका अनुसार यहाँ नेपालगञ्ज, रूपन्देही, वीरगञ्ज, सुनसरी, भैरहवा, कैलाली, नवलपुर, तनहुँलगायत जिल्लाका विद्यार्थी छात्रावासमा बसेर अध्ययन गरिरहेका छन् । नेपाली भाषा प्रस्ट पढ्न पाइने, धार्मिक पढाइ हुने, नेपाल सरकारका सबै विषय पठनपाठन हुने भएकाले बाहिरबाट यहाँ पढ्न आउनेको आकर्षण बढेको अलिको भनाइ थियो ।

विद्यालयको पर्याप्त आयस्रोत केही नभए पनि मुठ्ठीदान र चन्दाकै भरमा गुणस्तरीय शिक्षा प्रदान भइरहेकाले बाहिरी जिल्लाका धेरै विद्यार्थी पढ्न सम्पर्कमा आउने गरेको उनले जानकारी दिए । उनका अनुसार सरकारले अनिवार्य गरेका सबै विषयसहित उर्दु, अरेबिक, दिनियाँत (नैतिक शिक्षा), कुरान, कम्प्युटर विषय समेत पठनपाठन हुने गरेको छ ।

अन्य विद्यालयमा शनिबार बिदा हुने गरेकामा यहाँ शुक्रबार हप्तामा एक दिन बिदा दिने गरिएको विद्यालयले जनाएको छ । वि.सं. २०५५ मा तत्कालीन जिल्ला शिक्षा कार्यालय पाल्पाबाट स्वीकृति लिएर कक्षा १ देखि ५ सम्म सञ्चालन गरिएको थियो । वि.सं. २०६० मा छिमेकी सीताराम माध्यमिक विद्यालयसँग समन्वय गरेर कक्षा ७ सम्म सञ्चालन गरिएको थियो । वि.सं. २०६८ मा कक्षा ६ देखि ८ सम्म विद्यालयले अनुमति लिएर आफ्नै भवनबाट कक्षा सुरु गरेको हो । कक्षा ९ देखि १० सम्म पठनपाठनका लागि प्रक्रिया पूरा भइसकेको हुँदा अनुमति पाएलगत्तै छिट्टै सञ्चालनको तयारी भइरहेको विद्यालयका सहायक प्रधानाध्यापक मोहम्मद सलिमले जानकारी दिए । उनका अनुसार यहाँ साढे दुई वर्ष उमेरदेखिका बालबालिका पढिरहेका छन् ।

रामपुरमा मदरसा स्थापना नहुँदा यस क्षेत्रका मुस्लिम समुदायका विद्यार्थी विराटनगर, भारतको आजमघट, बिहारमा गएर पढ्नुपर्ने अवस्था थियो । यस क्षेत्रमा मदरसा खुलेपछि रामपुरका मात्र नभई छिमेकी जिल्ला तनहुँ, स्याङ्जा, नवलपुर क्षेत्रका मुस्लिम समुदायका विद्यार्थीलाई पठनपाठनमा धेरै सजिलो भएको छ । विद्यालयको नाममा पाँच रोपनी जग्गा छ । हाल साढे दुई रोपनी जग्गामा विद्यालय सञ्चालन भइरहेको छ । *रासस*

# सशस्त्र प्रहरी परिवार महिला संघको स्थापना दिवस



**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी परिवार महिला संघले आफ्नो २२ औं स्थापना दिवसका अवसरमा विभिन्न समाजसेवी संस्थालाई सम्मान प्रदान गरेको छ । आइतबार यहाँ आयोजित समारोहमा संघले मानव सेवामा योगदान पुऱ्याएबापत ललितपुरस्थित तुलसादेवी हरिहर फाउन्डेसनका अध्यक्ष सुरु सुवेदी, पोखराको कोपिला नेपालकी विना सिलवाल र रौतहटको माण्डवी संस्थाकी अञ्जु झालाई सम्मान गरेको हो ।

ती संस्थाले समाजका असहाय तथा गरिब दुःखीलाई आश्रय दिई सेवा गरिरहेकाले उनीहरूको मानवीय सेवाका लागि सम्मान प्रदान गरिएको संघले जनाएको छ । कार्यक्रममा काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले ती संस्थाका प्रमुखहरूलाई सम्मान प्रदान गरिन् ।

सो अवसरमा उपप्रमुख डंगोलले सशस्त्र प्रहरी परिवार महिला संघको सेवामुखी क्रियाकलापको साथै समाज सेवाको पवित्र कार्यमा आफ्नो जीवन समर्पण गर्ने विभिन्न क्षेत्रका महानुभावहरूलाई कदरपत्र प्रदान गरेकी थिइन् । उनले संघले बालक, वृद्धवृद्धा तथा नारी सशक्तीकरणको क्षेत्रमा मात्र नभई समग्र राज्यको शिक्षा, स्वास्थ्य, वातावरण, खेलकुद क्षेत्रलाई समेत प्राथमिकतामा राखी सेवा मुलक कार्यहरू गर्दै आएकोमा खुसी व्यक्त गरिन् ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले वार्षिकोत्सवको अवसरमा आयोजित प्रथम महिला हाफ म्याराथन दौड विजयी खेलाडीलगायत महिला राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरूलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गरे ।

सशस्त्र प्रहरी परिवार महिला संघकी केन्द्रीय अध्यक्ष अनिता लामिछाने अर्यालले विभिन्न निजी तथा सामुदायिक विद्यालयबाट एसइई परीक्षामा उत्कृष्ट अंक ल्याउन सफल छात्रछात्रालाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्दै संघको विभिन्न सेवामूलक कार्यहरूमा सहयोग गर्ने सरकारी तथा गैरसकारी संघसंस्था एवं महानुभावहरूको अनुकरणीय योगदानप्रति आभार प्रकट गरिन् ।


## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST

पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 54 | 900 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३५,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329

E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## मलेसिया र साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPECIAL SQUAD SECURITY SERVICES SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 276179 | चलानी नं. ६०१९१९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SPECIAL SQUAD SECURITY SERVICES SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 276179 | चलानी नं. ६०१९१९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NATIONAL BASICS COMPANY LTD.

पुर्व स्वीकृति मिति २०८०/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No.287811 | चलानी नं. ६०२०३२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 75 | 0 | 1000 | ३४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE BOWL RESTAURANT TO SERVE MEALS

पुर्व स्वीकृति मिति २०८०/०२/०१ | LT. No.288771 | चलानी नं. ६०२०४१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४१९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CARTEL GLOW (M) SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 288796 | चलानी नं. ६०२०४१०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९७/०७३/०७४

**Sandiya Human Resources Pvt. Ltd.**

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681

E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAN LIN REALTY SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT No :275104 | चलानी नं. ६०१९१०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 25 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu

Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236

Email: twmanpower@wlink.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON

पुर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 280733 | चलानी नं. ६०१९६१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 27 | 0 | 1000 | ३४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HARAKA ETQAN FOR TRADE CO.

पुर्व स्वीकृति मिति २०८०/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 285486 | चलानी नं. ६०२००९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My Coffee | 14 | 0 | 1000 | ३४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIBWAT AL-KHAMIS INDUSTRIAL FACTORY

पुर्व स्वीकृति मिति २०८०/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT No.287204 | चलानी नं. ६०२०२५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Collection of Textile Product Labour | 8 | 0 | 1200 | ४१,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MIRDAS MOHAMMED MUAIKEL AL-DAUSARY TRANSPORTATION EST.

पुर्व स्वीकृति मिति २०८०/०१/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 285670 | चलानी नं. ६०२०११३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## मण्डनदेउपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रे

फोन नं. ०११-४१२११३

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८०/०३/१८)

यस नगरपालिका क्षेत्र भित्र रहेको तपसिलको नदिबाट उत्खनन् हुने नदिजन्य पदार्थको संकलन तथा विकी शुल्क (आन्तरिक आय) ठेक्का बन्दोबस्तको लागि मिति २०८०/०२/१७ मा प्रकाशित सूचना बमोजीम प्राप्त बोलपत्रहरू मिति २०८०/०३/१७ गते खोलीएकोमा उक्त बोलपत्रहरूको मुल्याङ्कन गरी प्रक्रियागत रूपमा पेश भएको प्रतिवेदन अनुसार सारभुत रूपमा प्रभावग्राही रहेको र अधिकतम रकम कबोल गर्ने तपसिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदातालाई जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | कार्यको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| 1/IR/ 2080/081 | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदि क्षेत्र (IEE मा उल्लेखित १३ वटा क्षेत्रहरूबाट बाट ढुंगा, वालुवा, ग्राभेल) संकलन तथा विकी गर्ने कार्य | सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि., काठमाण्डौं-१४, बल्खु | रु. १०२८७७९९.९९ (दश करोड अठ्ठाइस लाख सतहत्तर हजार नौ सय उनान्सय रूपैया उनान्सय पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सम्पत्ति विवरण खै ?

**सार्वजनिक ओहोदामा बसेका हरेक व्यक्तिले आर्थिक पारदर्शिताका लागि सम्पत्ति विवरण बुझाउनुपर्ने कानुनी प्रावधान छ । यससम्बन्धी प्रावधान भ्रष्टाचार निवारण ऐनको दफा ५० मा छ । जहाँ सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पदमा बसेको ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण सरकारलाई बुझाउनुपर्ने व्यवस्था गरेको छ ।**

**तर, आर्थिक वर्ष २०७८/७९ मा संघीय र प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत नौ हजार ५९० कर्मचारीले सम्पत्ति विवरण बुझाएनन् । सम्पत्ति विवरण नबुझाउने ती कर्मचारीलाई कारबाही गर्न सिफारिससहित राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रतिवेदनसमेत बुझाइसकेको जनाइएको छ ।**

**तर, अख्तियारले सतर्कता केन्द्रको सिफारिसअनुसार कडाइका साथ कानुनी कारबाही गर्ला ? संशयपूर्ण छ । यदि, कारबाही गरिए पनि सतर्कता केन्द्रले पाँच हजार रूपैयाँ जरिवाना भराउन राय दिएको छ । खासमा खुला सरकारको मान्यताअनुसार संसारभरि सार्वजनिक निकायका पदाधिकारीको सम्पत्ति विवरण सार्वजनिक गरिने प्रचलन छ । नेपालमा पनि २०४८ पछि सम्पत्ति विवरण जनताले थाहा पाऊन् भनेर सार्वजनिक गर्ने गरिन्छ ।**

**खुला सरकार, पारदर्शी शासन प्रणाली तथा जवाफदेहिताका दृष्टिले हरेक सार्वजनिक पदधारण गरेका अधिकारीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्दछ । यो लोकतन्त्रको आधारभूत चरित्र पनि हो । तर, झण्डै १० हजार पदाधिकारीले अझै पनि सम्पत्ति विवरण नबुझाउनु सरासर बद्नियतपूर्ण काम हो । जसले भ्रष्टाचारलाई प्रश्रय दिन्छ । अर्थात् सम्पत्ति विवरण नबुझाउनेहरूलाई भ्रष्टाचारमा संलग्न भएको रूपमा हेर्न पनि सकिन्छ ।**

**सतर्कता केन्द्रका अनुसार निजामती कर्मचारीका तीन हजार ४५३ जनाले सम्पत्ति विवरण बुझाएनन् । नेपाल प्रहरीका ११३ जना, शिक्षक एक हजार १५८ जना, राजनीतिक नियुक्ति तथा करारतर्फका एक हजार ९२२ जनाले पनि सम्पत्ति विवरण बुझाउन अझै बाँकी छ । प्रदेशतर्फका एक हजार २७ जना र स्थानीय तहका एक हजार ९१७ जनाले सम्पत्ति विवरण नबुझाएको केन्द्रले जनाएको छ ।**

**सम्पत्ति विवरण नबुझाउने ती कर्मचारीलाई कडा कानुनी कारबाही भने छैन । यसले गर्दा देशमा भ्रष्टाचार न्यूनीकरणका लागि भए पनि सम्पत्ति विवरण नबुझाउनेलाई कडा कारबाही गरी सुशासन कायम गर्न सरकारले यससम्बन्धी कानुन बनाउनुपर्ने देखिन्छ ।**

## आर्थिक जटिलता:
# हाँक र प्रस्तावित सुधार



प्रा.डा. विश्वम्भर प्याकुर्‍याल

नेपालमा सरकारको कमजोर प्रदर्शनको मुख्य कारण जवाफदेहिता र पारदर्शिताको अभाव हो । भ्रष्टाचार न्यूनीकरणमा अहिले सुरू गरिएका दौडमा लगाम लगाउन हुँदैन । सरकार टिकाउनका लागि मात्र भ्रष्टाचार नियन्त्रण गर्न सरकारले आफ्नो संयन्त्र चलायो भने त्यो धेरै टिकाउ हुँदैन । भ्रष्टाचारको मात्र के कुरा गर्नु, जनजीवनलाई असर गर्ने हजारौं सूचनाहरु जनताको जानकारीमा छैन । तथ्यको इमान्दारीका साथ सार्वजनीकरण गरेर नीतिगत निर्णय लिँदा जनताको सहभागितामा सार्वजनिक हितमा सरकारको प्रतिबद्धता कायम गर्न सके अहिले देखिएको यत्रो जनअविश्वास धेरै हदमा कम हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

विश्व संकटको केही समय पहिलेदेखि नै आर्थिक मन्दीको दबाबमा नेपाल पर्न थालेको थियो । खासगरी कोभिड-१९ पछि भने विश्वले भोगेको आर्थिक मन्दीको प्रभावबाट नेपाल जोगिन सकेन । आर्थिक मन्दीबाट बच्न वस्तु आयातमा प्रतिबन्ध लगाइयो, मौद्रिक नीति कसिलो बनाइयो, मुद्रास्फीति (मूल्यवृद्धि) भयावह बन्न पुग्यो, न्यून राजस्व संकलनले सार्वजनिक खर्च खुम्चिन गयो । रूस-युक्रेन युद्धका कारण विश्वमा उत्पादनमा आएको शीथिलताले आधारभूत खाद्य सामग्रीमा पनि अत्यधिक प्रभाव पर्नुका साथै आपूर्तिमा आएको थप समस्याले खाद्यान्नको उपलब्धतामा उच्च निर्भरता बढ्न गयो । यसरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा खाद्यवस्तुमा आएको अत्यधिक मूल्यवृद्धिका कारण सरकारले गरिब किसानलाई खास सहयोग पुऱ्याउन सकेको देखिएन । यसको असर चालु आर्थिक वर्षको वित्तीय असन्तुलनबाट अनुमान लगाउन सकिन्छ ।

आर्थिक वृद्धिदर सन्तोषजनक नहुञ्जेल र राजस्वले कमसेकम साधारण खर्च नथेगेसम्म रोजगारीको वातावरण निर्माण गर्न सकिन्न । रोजगारीको अवसर सहज किसिमले प्राप्त गर्ने हो भने साना र मझौला उद्योगमा ऋण, ब्याज व्यवस्थापन र उत्पादकत्व अभिवृद्धि अनिवार्य देखिन्छ । यसको साथै व्यापारिक वातावरण र श्रम बजारसम्बन्धी नीतिलाई दिगो बनाउन विशेष प्रयासको आवश्यकता छ । अन्तर्राष्ट्रिय आप्रवासले विप्रेषण आप्रवाहमा क्रमिक सुधार देखाएको छ तर यसले व्यक्तिगत, पारिवारिक र समग्र आर्थिक लाभ नदिएसम्म रोजगारीको समस्या हल गर्न अझ धेरै समय लाग्न सक्छ । अर्कोतिर यसबाट हुनसक्ने नियमित आम्दानीसमेत अनिश्चित छ ।

काम गर्ने उमेर र क्षमता भएका अधिकांश व्यक्ति बेरोजगार छन् । काम पाएका व्यक्तिको निरन्तरताको पनि सुनिश्चित गर्न सकिने स्थिति छैन । यो अवस्थाले बेरोजगार बिमा कार्यक्रमको कार्यान्वयन आवश्यक रहेको प्रमाणित गरेको छ । कोभिड-१९ मा कार्यान्वित अस्थायी महामारी बेरोजगारी कार्यक्रम एउटा मार्गचित्र हुनसक्छ । बेरोजगार बिमा कुन स्तरसम्म पुऱ्याउन सकिन्छ, स्रोतको व्यवस्थापन कुन ढाँचाबाट गर्ने गृहकार्यको आवश्यकता छ ।

वित्तीय व्यवस्थापन गर्न सक्दा बेरोजगारीबाट उब्जिएको मानसिक र सामाजिक दबाबलाई कम गर्न सरकारले अरु पनि धेरै नीति तर्जुमा गर्न सक्छ । उदाहरणका लागि, श्रमिकले प्राप्त गरेको आंशिक रोजगारीको अलावा सरकारले थप आंशिक रोजगारीसमेत उपलब्ध गराउन सक्छ । विभिन्न उद्योगमा क्षेत्रगतरूपमा माग र आपूर्तिको तथ्यांक संकलन गरी निजी क्षेत्रसँगको सहकार्यमा धेरै हदसम्म बेरोजगारीको समस्यामा केही सुधार ल्याउन सकिन्छ । यो उद्देश्यअनुरूप स्थानीयस्तरको माग र उपलब्ध मानव स्रोतको उचित मूल्यांकन गरी काम गर्न सकिने नयाँ अवसरहरूको व्यवस्था गरी सीप विकास कार्यक्रममा लगानीको आवश्यकता छ । प्रारम्भमा निर्देशित कार्यक्रमजस्तै व्यावसायिक प्रशिक्षण कार्यक्रम, प्रशिक्षुता र उद्यमशीलताको विकास गर्ने हेतुले लगानीको आवश्यकता देखिन्छ ।

व्यावसायिक प्रशिक्षण र रोजगारी कार्यक्रममा सफलता हासिल गर्न सके आम्दानी वृद्धिमा सहयोग पुगी आर्थिक असमानता न्यूनीकरण भएर गरिबी कम भएका धेरै उदाहरण छन् । यसको अर्थ सरकारले न्यूनतम् ज्याला वृद्धि गरी उद्घोषित सामाजिक सुरक्षाको उपलब्धतामा सुधार ल्याएर कम लागतका घरघडेरीमाथिको सहजता र प्रगतिशील कर नीतिको कार्यान्वयनमा जोड दिनु हो, जुन कुरा हाम्रो आर्थिक-सामाजिक परिवेशमा त्यति सजिलो छैन तर असम्भव पनि होइन ।

नेपालमा सरकारको कमजोर प्रदर्शनको मुख्य कारण जवाफदेहिता र पारदर्शिताको अभाव हो । भ्रष्टाचार न्यूनीकरणमा अहिले सुरु गरिएका दौडमा लगाम लगाउन हुँदैन । सरकार टिकाउनका लागि मात्र भ्रष्टाचार नियन्त्रण गर्न सरकारले आफ्नो संयन्त्र चलायो भने त्यो धेरै टिकाउ हुँदैन । भ्रष्टाचारको मात्र के कुरा गर्नु, जनजीवनलाई असर गर्ने हजारौं सूचनाहरू जनताको जानकारीमा छैन । तथ्यको इमान्दारीका साथ सार्वजनीकरण गरेर नीतिगत निर्णय लिँदा जनताको सहभागितामा सार्वजनिक हितमा सरकारको प्रतिबद्धता कायम गर्न सके अहिले देखिएको यत्रो जनअविश्वास धेरै हदमा कम हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा लगानीको वातावरण अझ पनि बन्न नसक्नु दुर्भाग्य हो । विदेशी बैंक सञ्चालन गर्न पाउने नीति अझै पनि अस्पष्ट र अन्तर्राष्ट्रिय मापदण्डअनुसार अपुग छ । आफ्नो मुलुकमा लगानी गरेर हुने नाफा सरल प्रक्रियाबाट पठाउन निकै कठिन छ । वैदेशिक पुँजीको सटही सुविधा सीमित छ । अझै पनि केही क्षेत्रमा लगानी गर्दा कोटा प्रयोग गरिन्छ । यी सबै कारणले सम्भावित लगानीकर्ताका अनुसार स्वामित्वमा भएको सीमितता, क्षेत्रगत क्याप र लगानीका लागि लामो नकारात्मक सूचीले गर्दा नेपालमा लगानीको वातावरण अझै बनेको छैन । बहुराष्ट्रिय कम्पनीले गरेको अनुसन्धानले समेत विश्वव्यापीरूपमा ६५ प्रतिशत फर्मले स्वामित्वमा रहेको प्रतिबन्धलाई लगानी हुन नसक्ने मूल कारणको रूपमा देखाएका छन् ।

ठूलो समस्या के छ भने विदेशी लगानीकर्तालाई लगानीको अवसर प्रदान गर्ने कुरा कानुनी रूपमा प्रस्ट पारिए पनि, अधिकांश व्यक्ति नेपालमा व्यापार र लगानीमा भइरहने जोखिम र राजनीतिक अनिश्चितताले गर्दा अगाडि बढ्न खोज्दैनन् । नेपालमा न्यून बचत र नगन्य आर्थिक वृद्धि कायम छ । यो अवस्था कोभिडपछि झनै नराम्रो छ । यसो हुँदा आन्तरिक बचतले आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्न सकेको देखिँदैन ।

नेपालमा उपभोग्य वस्तुहरू आयातीत छन् । मुलुकमा व्यापार घाटा अक्सर कूल गार्हस्थ आम्दानीको ३० प्रतिशतसम्म पनि पुग्ने गरेको छ । आर्थिक वर्ष २०७९/८० को १० महिनामा कूल वस्तु व्यापार घाटा १२ खर्ब चार अर्ब ४२ करोड रूपैयाँ पुगेको छ । डलर तिरेर मात्र भारतबाट एक खर्ब १९ अर्ब ६० करोड रूपैयाँ बराबरको वस्तु आयात गरिएको छ । धेरैजसो मुलुकसँग द्विपक्षीय लगानी सन्धि र स्वतन्त्र व्यापार सम्झौता नगरेकाले पनि वैदेशिक लगानीका अवसरहरू गुमाउनुपरेको छ । कमसेकम भाषणमामात्र सीमित नभएर वर्तमान कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) र नयाँ प्रविधिको विकास राष्ट्रिय प्राथमिकतामा पर्न सकेको भए अधुरा भौतिक पूर्वाधार निर्माण कार्य पूरा गरी नवप्रविधिले हाम्रो विकासको बाटो सरल गर्ने थियो ।

नेपालमा आन्तरिक र वैदेशिक लगानीका सम्भावित क्षेत्रहरू प्रशस्त छन् । उदाहरणका लागि, कृषि र कृषिमा आधारित उद्योग, पर्यटन, ऊर्जा विशेष गरेर जलस्रोत, औद्योगिक निर्माण, सेवा, निर्माण उद्योग, खनिज र खनिजमा आधारित उद्योग, टेक्सटाइल र त्यसमा आधारित उद्योग, सूचना र सञ्चार तथा अनि पूर्वाधार विकास । प्रत्येक सम्भावित क्षेत्रको विकासका लागि कार्यान्वयन म्यानुअल बनाएमा यिनीहरूबाट वस्तु र सेवाको विकासको साथै आर्थिक वृद्धि सम्भव छ । नेपालमा साना तथा मझौला उद्यमहरूको योगदान निर्यात, रोजगारी तथा आम्दानी वृद्धिको सन्दर्भमा अत्यधिक रहेको छ । यिनीहरूका लागि प्रमुख प्राथमिकता वित्तीय पहुँच, उत्पादकत्व अभिवृद्धि, क्षेत्रीय तथा विश्वव्यापी एलायन्सेस र सीप विकासका साथै उत्पादित वस्तुहरूका लागि बजारको उपलब्धता नै हो ।

हाम्रो मुलुकमा सञ्चालनमा रहेको विद्यमान प्रशासनिक संरचनामा सुधारको आवश्यकता छ । संघीय संरचनामा मुलुक गइसक्दा पनि शासन गर्ने पद्धति सरल र स्पष्ट हुन नसकेर झन्झन् जटिल हुँदै गएको छ । अन्तरपार्टी परामर्श गरी राज्य सञ्चालन विधिमा सहमति कायम राख्न नसके रानीतिक इच्छाशक्ति मरेर जान्छ र राजनीतिक अस्थिरता बढ्दै जान्छ । बजेट समसामयिक देखिन्छ किनभने यसमा आवश्यकता अनुसारको संरचनात्मक वित्तीय सुधार, कोष व्यवस्थापन, सार्वजनिक प्रशासन, सुशासन, पारदर्शिता र जवाफदेहितामा मौनता धारण गरिएको छ ।

निष्कर्षमा, अब नेपाललाई जोगाउने हो भने प्रधानमन्त्री र मन्त्रीहरूको कार्यक्षेत्र के-के हुने स्पष्ट खाका बनाई कानुनी रूप दिनु आवश्यक छ । जिम्मेवारी दिँदा ध्यानमा राख्नुपर्ने कुराहरू आर्थिक स्थिरीकरणको हुनु आवश्यक छ किनभने यसबाट हाल देखापरेका धेरै समस्या हल हुनसक्ने सम्भावना रहन्छ । जस्तो, आयात प्रतिबन्ध गर्दा आउने हाँकहरू; कसिएको मौद्रिक नीतिको सञ्चालन, उच्च मूल्यस्फीतिमा नियन्त्रण र संकुचन हुँदै गएको सार्वजनिक खर्च व्यपस्थापन । 'आफैं बोक्सी, आफैं झाँक्री' हुने बानी लागेको हाम्रो शासनयन्त्रमा मन्त्रीहरूको स्पष्ट कार्यविभाजन र योगदानको आत्ममूल्यांकन गर्न लगाउने कार्य त्यति सजिलो छैन । बुझ्न खोजेको कुरा त के हो भने तर्जुमा गरिएको निर्धारित कार्यपद्धतिको आधारमा कार्य प्रगति मापन गर्न सके कुनै पनि मन्त्रीले आफू जिम्मेवारी बहन गर्न योग्य छु अथवा छैन भन्ने कुरा अग्रिमरूपमा नै थाहा पाउन सकून् भन्ने हो । यस्तो मूल्यांकन विषयवस्तु ज्ञाताको व्यावसायिक समूहले गर्ने र नतिजा सार्वजनिक गर्न सक्ने आँट प्रधानमन्त्रीमा हुनुपर्दछ । *रासस*

*(लेखक अर्थशास्त्री तथा पूर्वराजदूत हुन्)*

## मननयोग्य

### चाणक्य नीति

'होइन-होइन, यो कुरा होइन म चाणक्यसँग डराएं म त खाली सन्देह मात्र व्यक्त गर्दै थिए मलाई तपाईंको प्रस्ताव स्वीकार छ म कुमार मलयलाई तपाईको जिम्मामा सम्पन्न किनकि यो सम्राट्को पुरुको) उत्तराधिकारी पनि ॐ नै हो । आजदेखि कैकेयको मन्त्रीमा तपाई नियुक्त हुनुभयो पुरुले भने ।

राक्षसले आफू मन्त्री नियुक्त भएपछि खुसी हुँदै तपाईंको कृपाका लागि म आभार प्रकट गर्दछु' भनी पुरुलाई भने । यस्तैमा टाढा कतै घोडाको टापको आवाज सुनियो जुन् झन् झन् नजिक हुँदै थियो यो आवाजले दुवैको कुरा समाप्त भयो ।

सैनिक पनि सतर्क हुँदै अउनेको प्रतीक्षामा बसे। राक्षस र पुरु एक बाक्लो लहराको झांगमा लुके आगन्तुक अश्वारोहीलाई सैनिकले आफ्नो घेरामा पारे ।

अश्वारोहीले कुनै प्रतिक्रिया नगर्दा उज्यालो बत्ती (राँको) लिई सैनिक नजिकमा आए उज्यालोमा राक्षसले पनि देखे आउने अरू कोही होइन ज्ञ कुमार मलय नै रहेछन् पुरु पनि कुमारलाई देखी भांगबाट बाहिर आए ।

दुवैले देखे कुमारका अनुहारमा हडबडाहट छ पसिना पसिना भएको एकछिनको विश्रामपछि उनले भने चन्द्रगुप्त युनानीसँग लड्दै लड्दै धेरै अगाडि बढ्दैछन् दुवैतिर घमासान युद्ध भइरहेछ, थाहा छैन कसले जित्छ ।

राक्षस र पुरुले एउटै कुरा सोच्न लागे कदाचित् चन्द्रगुप्त विजयी भए उनको शक्ति अरू पनि बढ्छ फेरि उनलाई जित्न असम्भव हुन्छ यदि चन्द्रगुप्तलाल मारिए भने मुनानीले फेरि हामीसँग भिड्न सोच्नेछ र चन्द्रगुप्त मरेमा हाम्रो उद्देश्य सिद्ध हुँदेन, चाणक्य त्यो शक्ति हो जसले दश चन्द्रगुप्त पैदा गर्दछ-राक्षसले भने ।

यता यो सोचविचार भइरहेथ्या पुनः एक घोडचढी आएको आवाज आयो केही बेरपछि कुनै सैनिक रक्ताम्य भई आइरहेछ । त्यो पुरुको सेनानायक थियो । नजिक आई हतारिदै भन्यो-युद्धभूमिको त पासै पल्टियो । चन्द्रगुप्तको पराजय निश्चित थियो । उनले कसरी तुफानको रूप धारण गरे, कुरा कुरैमा सेल्युकसलाई बन्दी बनाइदिए । अनि ... । *क्रमशः*

## पत्र-मञ्जुषा

### गभर्नरसाप, बचतकर्ताको खाताबाटै रकम गायब कसरी हुन्छ ?

अहिले सर्वसाधारण भन्छन्, 'बैंकबाट पैसा हरायो ।' उनीहरू बैंकका कर्मचारीहरूले रकम हिनामिना गरेको वा चोरेको बताउँछन् । पछिल्लो समय बैंकबाट बचतकर्ताको रकम धमाधम हराइरहेको छ । बचतकर्ताहरू आफ्नो रकम असुरक्षित भएको महसुस गर्दै त्रासित भएका छन् ।

तर, राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अहिलेसम्म यसतर्फ चासो दिएका छैनन् । एकातिर बैंकमा बचतकर्ताले राखेको रकम चोरी हुन्छ, अर्कातिर जोखिमपूर्ण क्षेत्रमा लगानी गरेर बचतकर्ताको रकम डुबाइदिएको छ ।

सय रूपैयाँमा निष्काशन गरिएको एक कित्ता सेयरलाई धितो राखेर बैंकले २५ सयदेखि २७ सयसम्म कर्जा प्रवाह गऱ्यो । यता, आनाको पाँच हजार नपर्ने खेतीयोग्य जमिन धितो राखेर लाखदेखि करोडसम्म कजाइदियो त पाँच रूपैयाँ किलोमा बिक्री नहुने फलामबाट भारतले बनाएको गाडीलाई लाखौं ऋण दियो ।

अहिले ३२ सय कित्ताको सेयर सय रूपैयाँमा बिक्री हुन्न । करोड मूल्य पर्ने जग्गा लाख रूपैयाँमा जाँदैन त २५ लाखको गाडी १५ लाखमा जाँदैन । बैंकबाट रकम चोरी हुने संख्या ह्वात्तै बढेको छ । उदाहरणका लागि एनआइसी एसिया बैंकबाट बचतकर्ताको रकम गायब भएको कुरा अहिले निकै चर्चामा छ ।

त्यस्तै, एभरेष्ट बैंक, माछापुच्छ्रे बैंकलगायत सरकारी तथा निजी बैंकबाट अहिले बचतकर्ताको खातामा भएको रकम भटाभट हराइरहेको छ । यसरी बैंकबाटै रकम हराउन थालेपछि अब जनताले आफ्नो रकम बैंकमा सुरक्षित छैन भनेर बुझ्नुपर्छ ।

अहिले बैंकले बचतकर्ताको रकम फिर्ता नगरेको व्यापक गुनासो छ । तर, बैंकहरू भने तरलता अभाव घटेको वा पैसा थुप्रिएको भनेर भ्रम फैलाइरहेका छन् । बैंक टाट पल्टिसकेको भनेर अधिकाशं सेयर होल्डरले थाहा पाइसकेका छन् । किनकि, कुनै पनि सेयर होल्डरले नाफा पाएका छैनन् । सरकारी होस् या निजी बैंकका सेयर होल्डर । उनीहरू आफ्नो सेयर बेच्न चाहन्छन् । तर, किन्ने भने कोही नहुँदा उनीहरू अन्योलमा परेका हुन् ।

अहिले बैंकमा बचतकर्ताले जम्मा गरेको रकम बैंककै कर्मचारीको मिलेमतोमा चोरी हुँदा वा हराउँदा राष्ट्र बैंकका गभर्नर अधिकारी जनताको रकम बैंकमा कति सुरक्षित छ वा छैन भनेर केही बोल्दैनन् । आम सर्वसाधारणले अहिले भन्न थालिसकेका छन् कि अब बैंकमा पैसा नराखौं । अधिकांशको अहिले बैंकबाट विश्वास उठिसकेको छ । जनताले बैंकमा पैसा नराखेपछि बैंकसँग कर्जा प्रवाह गर्ने पैसा हुँदैन । यता बैंकले कर्जा प्रवाह गर्न नसकेपछि राजस्वसमेत घट्छ ।

किनकि, बैंकले कर्जा प्रवाह गर्ने भनेकै घरजग्गा, गाडी र सेयर हो । तर, कर्जा प्रवाह ठप्प हुनेबित्तिकै यिनीहरूको कारोबारमा मन्दी आउने भएकाले राज्यको ढुकुटीमासमेत यसको असर पर्छ । बूढापाकाले भन्थे, 'बाघ कराएपछि बाख्रा हराउँछ ।'

त्यसरी नै एकातिर सहकारी संस्थाहरू बचतकर्ताको खर्बौं रकम लिएर भागेका छन्, अर्कातिर बैंकका कर्मचारीले बचतकर्ताको खाताबाटै रकम चोरी गर्न थालेका छन् । ३५ हजारभन्दा बढी सहकारीले करोडौं बचतकर्ताको खर्बौं रकम झ्वाम पारेका छन् । बचतकर्ताहरू 'मर्नु कि बाँच्नु' अवस्थामा पुगेका छन् ।

अधिंकाश बैंक तथा वित्तीय संस्थाले जनताबाट विश्वास गुमाइसकेका छन् । तैपनि सहकारीमन्त्री रञ्जिता श्रेष्ठ र अर्थमन्त्री प्रकाशशरण महतलाई केही मतलब छैन । त्यसैले, अब सर्वसाधारण जनताले बैंक तथा वित्तीय संस्थामाथि विश्वास गर्ने छैनन् ।

ललिता निवास जग्गाको हिनामिना प्रकरणमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ गत मंगलबार समातिए । तर, उनले विभिन्न बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट दशौं खर्ब रकम ऋण लिएको सुनिन्छ ।

उनी समातिएपछि अधिकांशले अहिले धेरै बैंक टाट पल्टिने बताउन थालिसकेका छन् । ललिता निवासको १४३ रोपनी जग्गामा अधिकांश बैंकले लगानी गरेका छन् । यसरी सरकारले उक्त जग्गा सरकारकै नाममा ल्याएपछि धेरै बैंक डुब्ने त होइन ?

अहिले सर्वसाधारण जनताले ब्याजको लोभमा बैंक तथा वित्तीय संस्थामा रकम राख्नुहुन्न भनेर थाहा पाइसकेका छन् । तर, बैंकहरूले पनि उद्योग, कारखाना, कृषि कार्य गर्नेहरूलाई कर्जा प्रवाह नगरी घूसको प्रलोभनमा जोखिमपूर्ण क्षेत्रमा लगानी गर्दा यस्तो परिस्थिति आएको हो ।

***– रुषा थापा, भक्तपुर***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# चितवनमा जनस्वास्थ्य प्रयोगशाला स्थापना

**चितवन (प्रस)–** स्वास्थ्य कार्यालय परिसरमा जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको छ । बागमती प्रदेश सरकारले धुलिखेलमा सञ्चालनमा ल्याएको प्रयोगशालाको सेवा एकाइ यहाँ स्थापना गरेको हो ।

यस प्रयोगशालाले नसर्ने, सर्ने रोगको अध्ययन, गुणस्तर मापन र तालिम दिनेजस्ता काम गर्ने प्रयोगशालाका निमित्त निर्देशक नारायणबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार नसर्ने रोगका सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धानका नतिजाको आवश्यक समन्वय र आदानप्रदान गर्नेछ ।

यस्तै सर्ने रोगको अनुसन्धान गरी नतिजा वितरण गर्ने, प्रादेशिक प्रयोगशालाबाट गुणस्तर नियन्त्रणका लागि पठाइएका नमूनाको परीक्षण गरी नतिजा संकलन गर्ने र विश्लेषण गर्ने, प्रयोगशालाको गुणस्तर मापनलगायतका काम गर्ने उनले जानकारी दिए ।

यस प्रयोगशालामा चार अधिकृतसरहका प्राविधिकले नियमित सेवा दिनेछन् । प्रयोगशालाबाट १०८ प्रकारका नमूनाको परीक्षण हुनेछ । प्रयोगशालामा बाहिरभन्दा न्यून शुल्कमा परीक्षण गरिनेछ । प्रयोगशालामा रहेका उपकरण धुलिखेल प्रयोगशालामा सञ्चालनमा आइरहेका उपकरण हुन् । अत्याधुनिक प्रविधिका उपकरणबाट नमूना परीक्षण गरिने कार्कीले बताए ।

प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले सरकारबाट सञ्चालित स्वास्थ्य कार्यक्रमले जनतालाई विश्वसनीय सेवा दिनुपर्ने बताए । मेडिकल सहरका रूपमा विकास भएको चितवनमा स्थापना गरिएको यस प्रयोगशालाले प्रदेशका मात्रै नभई यहाँ उपचार गर्न आउने अन्य जिल्लाका बिरामीसमेत लाभान्वित बन्ने उनको भनाइ छ ।

प्रदेश सरकार अहिले हुँदा खानेको पहुँचमा स्वास्थ्य सेवा पुऱ्याउन लागिपरेको उनको भनाइ छ । उनले प्रदेश सरकारले धुलिखेल प्रयोगशालाको शाखाका रूपमा पहिलोपटक यस जिल्लामा प्रयोगशाला स्थापना गरेको बताए । यहाँ रहेका उपकरण उच्च प्रविधिका रहेको जनाउँदै उनले नतिजासमेत कम्प्युटरबाटै आउने भएकाले मानवीय त्रुटि नहुने बताए ।

जोशीले भने, 'यस जिल्लामा धेरै बिरामी उपचारका लागि आउने भएकाले प्रयोगशाला यहाँ स्थापना गरेका हौं ।'

# स्थानीय पाठ्यक्रममा वैदेशिक रोजगारसम्बन्धी विषय

**बलेवा–** बागलुङको गलकोट नगरपालिकाले नेपालमा नै पहिलोपटक स्थानीय पाठ्यक्रममा वैदेशिक रोजगारीसम्बन्धी विषय समावेश गरेर पठनपाठन सुरु गरेको छ ।

चालु शैक्षिकसत्रबाट आधारभूत तहमा स्थानीय पाठ्यक्रम लागू गरेको नगरपालिकाले कक्षा ६ को पाठ्यपुस्तकमा वैदेशिक रोजगारी र त्यसको सामाजिक प्रभावको विषय समावेश गरेको हो । सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गरिरहेको नगरपालिकाले वैदेशिक रोजगारीका विषयमा बालबालिकालाई ज्ञान हुन आवश्यक रहेकाले पाठ्यक्रममा नै यो विषय समावेश गरेको नगर प्रमुख भरत शर्मा गैरेले बताए ।

वैदेशिक रोजगारीमा जानुभन्दा स्वदेशमा स्वरोजगार हुने मानसिकताको विकास गर्न र जानै परे वैदेशिक रोजगारीको विषयमा ज्ञान लिएर जाने वातावरण बनाउनका लागि पाठ्यक्रममा यो विषय समावेश गरिएको गैरेले बताए । 'वैदेशिक रोजगारी स्वाभाविक प्रक्रिया जस्तो भइसक्यो, कम्तीमा यसको विषयमा बुझेर जाउन, सीप सिकेर जाउन भन्ने हो,' उनले भने, 'वैदेशिक रोजगारीसम्बन्धी सचेतनाका लागि यो प्रयास थालिएको हो ।'

वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यक्रम अधिकृत शिव रेग्मीले वैदेशिक रोजगारीका विषयमा पढाउने देशभरका ७५३ स्थानीय तहमध्ये गलकोट पहिलो स्थानीय तह भएको बताए । सुरक्षित आप्रवासनका लागि पाठ्यक्रमले धेरै सहयोग गर्ने उनको बुझाइ छ ।

'हामीले पनि धेरै सहयोग गरेर पाठ्यक्रम तयार भएको छ, कक्षा ६ मा पढाइ हुनु खुसीको कुरा हो,' रेग्मीले भने, 'यो पढाइ व्यावहारिक हुनेछ, अन्य स्थानीय तहले पनि लागू गर्दा राम्रो हुन्छ ।' वैदेशिक रोजगारीमा गएका र जान खोज्ने ठगिने गरेकाले यो पाठ्यक्रमले त्यसलाई रोक्ने उनको बुझाइ छ ।

विदेश जान चाहने तथा विदेशमा पुगेर पनि ठगिएका नेपालीले उपचार खोज्ने र न्याय पाउने अवस्था चुनौतीपूर्ण छ । यस्तो बेला सचेतनाको अभाव हुने गरेको उनले बताए । बागलुङको जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकाले पनि वैदेशिक रोजगारीको विषय पाठ्यक्रममा समावेश गर्ने चरणमा रहेको उनले जानकारी दिए । 'हामीले सुझाव दिएका छौं, उहाँहरू सकारात्मक हुनुहुन्छ,' उनले भने, 'यो सबैका लागि जरुरी विषय पनि हो ।'

बागलुङका नगर उपप्रमुख राजु खड्काले वैदेशिक रोजगारीका विषयमा बालबालिकादेखि वयस्कसम्म सबैमा सचेतना पुऱ्याउन आवश्यक रहेको बताए । उनले देशमा नै रोजगारी पर्याप्त नभएर विदेश जानुपर्दा सीप, ज्ञान सिकेर जाने युवाले काम पनि राम्रो पाउने तथा कमाइ पनि राम्रो हुने र सुरक्षित पनि भइने बताए ।

बागलुङको बागलुङ, जैमिनी र गलकोट नगरपालिका तथा काठेखोला गाउँपालिकाले आप्रवासी पार्श्वचित्र तयार गरेका छन् । यसबाट आप्रवासन प्रक्रियालाई सुरक्षित बनाउन सकिने सरोकारवाला बताउँछन् । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनका लागि विभिन्न तरिकाले स्थानीय तहहरूले काम अघि बढाएको सुरक्षित आप्रवासन कार्यक्रम बागलुङका संयोजक मिनप्रसाद पौडेलले बताए । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०३/१८**

यस कम्पनीको मिति २०७९/०३/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गल्फ सेक्युरिटी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०३/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (**प्रा.लि.नं.६०६५५**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YONG SHUO TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०७८/०९/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१७ LT. No. 255635 चलानी नं.६०१७२५५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४२,८७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 25 | 0 | 1200 | ४२,८७५ | | | | | | | |
| 3 | Stone Mason | 25 | 0 | 1200 | ४२,८७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SR GROUP NEPAL PVT.LTD**

श्रम ईजाजत नं. १२५९/०७४/०७५

Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal

Tel. No. +977-1-4480472/4495335, Fax: +977-1-4489971 P.O. Box: 21269

## कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/०६ पून स्वीकृति मिति २०८०/०३/१७ LT. No. 286347 चलानी नं.६०२०१७७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 100 | 0 | 130 | ५५५४२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | SUPERVISIOR | 30 | 0 | 200 | ८५४५० | | | | | | | |

कम्पनी : HAIR DRYER INSTITUTE AND SALON 278111FOR WOMEN BEAUTIFICATION.

पूर्व स्वीकृति मिति २०७९/०९/०७ पून स्वीकृति मिति २०८०/०३/१७ LT No :278111 चलानी नं. ६०१९३६६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber / Hair Dresser | 0 | 10 | 130 | ५५५४२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 4 | 150 | ६४,०८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

OMEGA INTERNATIONAL

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HYUNDAI GREEN FOOD CO LTD ABU DHABI

पूर्व स्वीकृति मिति २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१७ LT. No. 278242 चलानी नं. ६०१९३७५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ordinary labourer | 80 | 0 | 800 | ३१,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**

श्रम ईजाजत नं. १०१९/०६८/०६९

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602

Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०३/१७ LT. No. 288640 चलानी नं. ६०२०४०८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 30 | 120 | 85 | ३६,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**

NBR Namo Buddha Recruitment Pvt. Ltd.

Govt. License 1370/74/75

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHD MAKKAH MARKETING CO.

पूर्व स्वीकृति मिति: २०७९/१२/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ LT. No.284641 चलानी नं. ६०१९९९४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 11 | 0 | 1400 | ४८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.co.np

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SAFARI COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ LT. No.287396 चलानी नं. ६०२०२७००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 81 | 0 | 1000 | ३४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: धनुषाधाम, PIT Training Centre मा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

अन्तरवार्ता हुने स्थान: झापा, Hotel Centre Point CP Hotel मा मिति: २०८० असार ३० गते (15th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,

Email: nocnepal@nassers.org

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FFM FURTHER PROCESSIN SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ LT. No. 273291 चलानी नं. ६०१८९४५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 37 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAFEEZ HOSPITALITY OCCASIONS AND WEDDING PLANNING

पूर्व स्वीकृति मिति : २०८०/०३/१७ LT No. 288752 चलानी नं. ६०२०४०८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 2 | 1000 | ३६,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1100 | ३९,६४५ | | | | | | | |
| 3 | Waiter | 0 | 1 | 1400 | ५०,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**Kingfisher Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १४३५/०७४/७५

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAR SOUR RESTAURANT

पूर्व स्वीकृति मिति : २०८०/०३/१७ LT. No. 288820 चलानी नं.६०२०४११२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 6 | 0 | 90 | ३८४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

EXPRESS RECRUITER NEPAL

Govt. License No. 1613/079/080

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897

E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

प्रभाव दैनिक

रूपशाला

## थाली नृत्यांगना एलिजिवा पुन सम्मानित

थाली नृत्यलाई पेसाको रूपमा अंगाल्दै यसै क्षेत्रमा समर्पित नृत्यांगना एलिजिवा पुर्जा पुन सम्मानित भएकी छन् । पुर्बउपराष्ट्रपति परमानन्द झाको प्रमुख आथित्यतामा सम्पन्न कार्यक्रममा नृत्यांगना एलिजिवा 'राष्ट्रिय ब्यक्तित्व तथा प्रतिभा सम्मान २०८० ' बाट सम्मानित भएकी हुन् । रिबन इन्टरटेनमेन्ट प्रालिको आयोजना रहेको कार्यक्रममा बिभिन्न बिद्याका एक दर्जन बढी कलाकर्मीहरूलाई राष्ट्रिय ब्यक्तित्व तथा प्रतिभा सम्मान प्रदान गरिएको थियो भने कार्यक्रममा नायक धीरेन शाक्य, गायिका देविका वन्दना, निर्माता राजेन्द्र पुरी, निर्देशक बबिता श्रेष्ठ लगायतका ब्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।



सोमबार, १८ असार २०८० (Monday, July 03, 2023)

# प्रधानमन्त्रीसँग 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'का प्रतिस्पर्धीको भेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' युनिटलाई सफलताको शुभकामना दिएका छन् । 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रचण्डसँग भेट गरेको हो ।

प्रधानमन्त्री दाहालको इच्छा अनुसार युनिटले भेट गरेको हो । भेटमा प्रधानमन्त्री दाहालले 'एक पटकको नेपाली सधैंको नेपाली' प्रतियोगीताको थिम आफूलाई मनपरेको बताएको भेटमा सहभागी कलाकार मिथिला शर्माले जानकारी दिइन् ।

शर्माका अनुसार भेटमा प्रधानमन्त्री दाहालले 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'का विदेशबाट आएका प्रतियोगी, निर्णायक र आयोजकलाई समेत राम्रो कार्यक्रम आयोजना गरेकोमा धन्यवाद दिएका थिए ।

भेटमा 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'मा विदेशबाट सहभागी प्रतियोगीले कार्यक्रमको अनुभव समेत प्रधानमन्त्रीलाई सुनाएका थिए ।

भेटमा आयोजक इन्ट्रा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसनको तर्फबाट प्रधानमन्त्री दाहाललाई कार्यक्रम देशको कलासंस्कृति अन्तराष्ट्रिय स्तरमा जोड्ने उदेश्यले आयोजना भएको जानकारी गराए ।

प्रधानमन्त्रीसँग भेट्न कार्यक्रमको तर्फबाट अभिनेत्री मिथिला शर्मा, केकी अधिकारी, दीप श्रेष्ठ, सुरेश अधिकारी, अञ्जु पन्त, शिव परियार लगायतको करिब तीन दर्जन सहभागी थिए ।

इन्ट्रा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाले पहिलो पटक अन्तर्राष्ट्रिय नेपाली रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' आयोजना गरेको हो ।

प्रतियोगीताको मेरो भ्वाइस युनिभर्सको निर्णायक मण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा, पुष्पन प्रधान लगायत रहेका छन् ।

त्यस्तै मेरो डान्स युनिभर्सको निर्णायक मण्डलमा भने मिथिला शर्मा, दिलीप रायमाझी, शंकर बि.सी, केकी अधिकारी, प्रियंका कार्की र नरमन राईलगायत रहेका छन् ।

प्रतियोगीको विजेताले एक करोड, फस्ट रनरअपले ३० लाख र सेकेन्ड रनरअपले २० लाख रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

# भ्रष्टाचारविरुद्धको आन्दोलनमा साहित्यकार

■ प्रभाव संवाददाता

**महोत्तरी–** महोत्तरीमा भ्रष्टाचारविरुद्धको साहित्यिक आन्दोलनलाइ साहित्यकारहरूले निरन्तरता दिने भएका छन् । गणतन्त्र दिवसको अवसर पारेर औपचारिक सुरु गरेका कविहरूले विभिन्न माध्यमवाट आफ्ना रचनाहरू वाचन र प्रकाशन गरी भ्रष्टाचारलाई निरुत्साहित गर्ने अभियानमा जुटेका हुन् । जसकाकारण विभिन्न साहित्यिक डवली, साहित्यिक समूहहरू निर्माण गरि सुरु गरेको उक्त आन्दोलनले पछिल्लो समय चर्चा वटुल्दै गएको छ ।

परिवर्तनको लागी सवैभन्दा शक्तिशाली कलम भएको वताउदै कविहरूले जिल्लाका विभिन्न पालिकाहरूमा उक्त अभियानमा फरक फरक भाषाभाषीका साहित्यकारहरूलाइ रचनाको लागि प्रेरित गरिरहेका छन् ।

२०२० को दशक देखी निक्कै चर्चामा रहेको राल्फा आन्दोलन जस्तै यो अर्को आन्दोलनको स्वरूप भएको साहित्यकारहरूको भनाइ छ ।

राल्फा आन्दोलनको उदगमस्थल काठमाण्डौ भए जस्तै कविहरूले बर्दिबास नगरपालिकालाइ आधार इलाका बनाएका छन् । काठमाडौवाट मोफसलमा ह्वात्तै फैलिएको राल्फा आन्दोलन जसरी नै भ्रष्टाचारविरुद्धको यो साहित्यिक आन्दोलन एउटा उचाइमा पुऱ्याइ छाडने कवि तथा प्रगतिशील लेखक संघ महोत्तरीका अध्यक्ष नारायण घिमिरेले वताए ।

अहिले जिल्लामा वसेर साहित्यकारहरूले भ्रष्टाचारका विरुद्ध मात्र हैन, सामाजिक संस्कार, अतिक्रमणमा परेको संस्कृति, त्यसभित्रका महत्व अनि बिकृतिहरूलाइ पनि तीखो व्यंग्य प्रहार गरिरहेका छन । गत शुक्रबार पनि राष्ट्रिय धान दिवसको अवसर पारेर साहित्यकारहरूले कृषि क्षेत्रका बिकृती, बिसंगतीहरूलाइ रचनाका माध्यमवाट खवरदारी गरे ।

बृहत साहित्य सञ्जाल मधेस प्रदेशको संयोजन तथा लेखनाथ स्मृति सदन महोत्तरीको आयोजनामा भएको उक्त कार्यक्रममा साहित्यकारहरूले किसानहरूका मार्का र सरकारको अभिभावकत्व माथी प्रश्न उठाए । भ्रष्टाचारविरुद्ध कविहरूले चालेको रचनात्मक महाअभियान आफैमा नौलो वनेको छ । यो अभियानमा जिल्लाका कतिपय स्थानिय सरकारले समेत ऐक्यबद्धता जनाएका छन् ।

बर्दिवास नगरपालिकामा हुर्कदै गरेको साहित्यिक आन्दोलनमा नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले संरक्षण गर्ने प्रतिबद्धता जनाएका छन् । गुणात्मक विकासको फडको मार्न कला साहित्यको विकास हुन जरुरी रहेको औल्याउँदै आफ्नो कार्यकालमा साहित्य सर्जकहरूसँग हातेमालो गर्ने उन्को भनाइ छ ।

यता भाषा साहित्यको दीगो विकासको लागी स्थानीय सरकारले नगर प्रज्ञा प्रतिष्ठानको गठन गरेर अगाडी बढन साहित्यकारहरूले माग समेत गरेका छन् ।

# रविनाकी छोरी पनि फिल्ममा



**मुम्बई (एजेन्सी)–** बलिउड अभिनेत्री रविना टण्डनकी छोरी राशा थडानी पनि फिल्ममा डेब्यु गर्न तयार छिन् । आमाजस्तै सुन्दर र निर्दोष देखिने राषा अब चलचित्रमा आफ्नो आकर्षण देखाउन तयार छिन् । राशा थडानी निर्देशक अभिषेक कपुरको फिल्मबाट डेब्यु गर्दैछिन् ।

हालै राशालाई उनको अफिस बाहिर देखियो, त्यसपछि यस विषयमा चर्चा सुरु भयो तर अब राशाले अभिषेक कपुरको फिल्मबाट बलिउडमा डेब्यु गर्दैछिन् भन्ने पुष्टि भएको छ ।

रस थडानीको यो डेब्यु फिल्म एक्सन-एड्भेन्चर फिल्म हुनेछ, जसको छायांकन छिट्टै सुरु हुँदैछ । यस फिल्मबाट अजय देवगनका भतिजा अमन पनि राषासँग डेब्यु गर्दैछन् । फिल्ममा अजय देवगन पनि रहने बताइएको छ । फिल्मको नाम भने खुलाइएको छैन तर सन् २०२४ को फेब्रुअरी-मार्चसम्ममा रिलिज हुने बताइएको छ । समाचार अनुसार यो ९ फेब्रुअरी २०२४ मा रिलीज हुन सक्छ ।

राशि थडानी भर्खर १८ वर्षकी भएकी छिन् र उनले यसै वर्ष स्नातक गरेकी छिन् । राशा राम्रो डान्सर पनि हुन् । आमा रविना टण्डनसँगको उनको तस्बिर सामाजिक सञ्जालमा प्राय: देखी नै रहन्छ । अमनको कुरा गर्दा उनी अजय देवगनकी बहिनी नीलमका छोरा हुन् । अमनलाई अभिनयको मन छ र उनी चलचित्रमा काम गर्न चाहन्छन् । अभिषेक कपुरले यी दुबै स्टार किड्सलाई लन्च गर्ने जिम्मेवारी लिएका छन् ।

यसअघि अभिषेकले सारा अली खानलाई फिल्म केदारनाथमा लन्च गरेका थिए ।

## रंगशाला

विश्वकप छनोट

# नेपाल सातौं स्थानका लागि आयरल्याण्डसँग भिड्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** युएईलाई पराजित गरेर जिम्बावेमा जारी रहेको आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगिताको सातौं स्थानका लागि नेपालले आयरल्यान्डसँगको भेट पक्का गरेको छ ।

जिम्बावेको हरारेमा रहेको टाकासिंगा स्पोर्टस् क्लबमा नेपालले युएईलाई ३ विकेटले पराजित गरेको हो । युएईले दिएको १ सय ८२ रनको लक्ष्य नेपालले ४३ दशमलब २ ओभरमा ७ विकेट गुमाएर पूरा गर्यो ।

नेपालको जितमा दीपेन्द्रसिंह ऐरीले ८५ बलमा ७ चौका र २ छक्काको सहयोगमा अविजित ७९ रनको अर्धशतकीय इनिंस खेले । ६३ रनमा ६ विकेट गुमाइसकेको नेपालका लागि दीपेन्द्र र गुलसन झाले सातौं विकेटका लागि ४६ बलमा ४३ रनको साझेदारी गरेर खेलमा फर्काउने कोसिस गरे ।

गुलसन १२ रन बनाउँदै रोहन मुस्ताफाको बलमा आउट भएसँगै साझेदारी तोडिएको थियो । आठौं विकेटका लागि दीपेन्द्रले सन्दीप लामिछानेसँग मिलेर ९० बलमा ७९ रनको विजयी साझेदारी गरे । सन्दीपले ३७ बलमा २ चौकाको साथमा अविजित २३ रन बनाए ।

युएईका लागि मुहम्मद जवादुल्लाहले ३ तथा रोहन मुस्ताफा, सन्चित शर्मा, जुनेद सिद्दिकी र अलि नासेरले समान १/१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युएई ४६ दशमलब ५ ओभरमा १ सय ८१ रनमा अलआउट भएको थियो ।

युएईका लागि यस खेलमा कप्तानी गरिरहेका वृत्य अरबिन्दले ७५ बलमा ४ चौकाको सहयोगमा ४४ रन बनाए । वृत्य गुलसन झाको बलमा बोल्ड आउट भएका थिए ।

युएईका ओपनर आसिफ खान इनिङको दोस्रो बलमा नै करण केसीको बलमा शुन्य रनमा पेभिलियन फर्किएका थिए । दोस्रो विकेटका लागि आर्यांश शर्मा र वृत्यले ८८ बलमा ६४ रनको साझेदारी गरी युएईलाई खेलमा फर्काउने कोसिस गरेका थिए ।

तर, शर्मा ४३ बलमा ३ चौकाको सहयोगमा २८ रन बनाउँदै सन्दीप लामिछानेको बलमा आउट भएसँगै साझेदारी तोडिएको थियो ।

पाँचौ विकेटका लागि रोहन मुस्ताफ र बसिल हमिदले ७२ बलमा ५८ रनको महत्वपुर्ण साझेदारी गरेका थिए । मुस्ताफा ५६ बलमा ३५ रन बनाउँदै आउट भएसँगै सो साझेदारी भङ्ग भएको थियो । हमिदले ३५ बलमा २९ रन बनाए ।

संचित शर्मा १४ बलमा १२ रन तथा रमिज शाहजादले २८ बलमा १० रन बनाए । नेपालका लागि सन्दीप लामिछाने र करण केसीले समान ३/३ तथा प्रतिस जि.सी, गुलसन झा र दीपेन्द्रसिंह ऐरीले समान १/१ विकेट लिए ।

जितसँगै नेपालले सातौं स्थानको लागि मंगलबार आयरल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ । पराजित युएईले भने नवौं स्थानका लागि बिहीबार अमेरिकासँग प्रतिस्पर्धा गर्नेछ ।

**श्रीलंका विश्वकपमा**

आइसिसी विश्वकप छनोटको सुपर सिक्स खेलमा जिम्बावेलाई पराजित गर्दै श्रीलंकाले विश्वकपमा स्थान बनाएको छ ।

बुलावायोमा रहेको क्विन्स स्पोर्ट्स क्लबमा जिम्बावेलाई ९ विकेटले पराजित गरेर श्रीलंका छनोटबाट विश्वकपमा छानिने पहिलो टोली बनेको छ । जिम्बावेले दिएको १ सय ६६ रनको लक्ष्य श्रीलंकाले ३३ दशमलब १ ओभरमा १ विकेट गुमाएर पूरा गऱ्यो ।

# विश्वकप छनोटका लागि नेपाली टिम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिफा विश्वकप छनोटका लागि नेपाली राष्ट्रिय फुटबल टिमको प्रारम्भिक टोली घोषणा भएको छ ।

नेपाली टिमका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले आइतबार ३० सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेका हुन् । भारतमा हालै भएको साफ च्याम्पियनसिप खेलेका ६ जना यो प्रारम्भिक टोलीम परेका छैनन् । पुजन उपरकोटी, विशाल श्रेष्ठ, मणि लामा, नविन लामा, निशान खडका र दिपक राज सिंह ठकुरी बाहिरिएका छन् । नेपाली टिमको बन्द प्रशिक्षण अगस्ट १ देखि सुरु हुने अखिल नेपाल फुटबल संघ एन्फाले जनाएको छ ।



**नेपाली टिम**

**गोलकिपर** : किरण चेम्जोङ, अनिस देउला, दीप कार्की, अभिषेक बराल

**रक्षक** : विमल पाण्डे, सनिश श्रेष्ठ, अनन्त तामाङ, देवेन्द्र तामाङ, आशिष गुरुङ, रोहित चन्द, सिमान्त थापा, अन्जल महर्जन, छिरिङ लामा, अन्जन राई

**मिडफिल्डर** : एरिक बिस्ट, सुदीप गुरुङ, लकेन लिम्बू, आवास लामिछाने, उत्सभ राई, विशाल तामाङ, विवेक पौडेल, कृतिस रत्न छुन्जु

**फरवार्ड** : आयुश घलान, नवयुग श्रेष्ठ, अन्जन बिस्ट, मनिश डाङ्गी, आशिष चौधरी, विमलघर्ती मगर, जिलेस्पी जंग कार्की, दिनेश हेन्जन ।

# सेनाका प्रफुललाई ब्याडमिन्टनको उपाधि

**काठमाडौं (प्रस)–** नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका प्रफुल महर्जनले राष्ट्रिय च्याम्पियन प्रिन्स दाहाललाई पराजित गर्दै तेश्रो प्रधानमन्त्री कप खुल्ला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०८० मा पुरुष एकल तर्फ उपाधि उचालेका छन् ।

निकैनै संघर्षपूर्ण खेलमा बिश्व जुनियर नम्बर एक रहिसकेका दाहाललाइ महर्जनले २१-१९, २१-२३, २१-१८ ले पराजित गर्दै उपाधि उचालेका हुन् । महर्जनको राष्ट्रिय प्रतियोगितामा यो पहिलो जित हो । उनी हालै मात्र जापान बसेर फर्केका थिए । यस प्रधानमन्त्री कपको पहिलो बिजेता दिपेश धामी रहेका थिए । धामीले फाईनलमा प्रिन्सलाई पराजित गर्दै उपाधि उचालेका थिए । यस्तै दोश्रो संस्करणमा प्रिन्सले उपाधि जितेका थिए । तेश्रो स्थानमा एपिएफका देवराज राना र आर्मीका रुकेश महर्जन रहे ।

महिला एकल तर्फ भने चिर प्रतिद्वन्दी सेनाकी अनुमाया राईलाई पराजित गर्दै सेनाकी रसिला महर्जनले जित हात पारिन् । महर्जनले २१-१८, २१-१६ ले जित निकाल्दै उपाधि रक्षा गरेकी थिईन् । कस्तुरी कलेजकी सिमा राजबंशी र सेनाकी अमिता गिरी तेश्रो भए ।

नेपाल ब्याडमिन्टन संघको तत्वावधान तथा बामती प्रदेश ब्याडमिन्टन संघ तदर्थ समितिको ब्यवस्थापनमा भएको प्रतियोगिताको यु ११ ब्वाईज तर्फ सूर्य दर्शन ब्याडमिन्टन एकेडेमीका आदित्य थारुले एम.बि.बि.एफ.का आर्नभ श्रेष्ठलाई २१-१३, २१-१३ को समान अन्तरले पराजित गर्दै उपाधि उचाले । आर्मीका दीप थिङ्ग र आइ.बि.एस.सी.का प्रिन्स थापा मगरले तेश्रो स्थानमा चित्त बुझाए ।

यु १३ तर्फ ब्वाजइजमा आर्मीका सुदेश राजकोटीले आर्मीकै रिनज मगरलाई २२-२०, १८-२१, २१-१८ ले पराजित गर्दै उपाधि उचाले । एपिएफका आयुष सिमखडा र काठमाण्डौका सुहम कार्की संयुक्त तेश्रो भए । गर्ल्स तर्फ दीपक ब्याडमिन्टन एकेडेमीकी अश्मिता कार्कीले एम.बि.बि.एफ.की निभा राईलाई पराजित गर्दै उपाधि जितिन् । कार्कीले २१-१६, २१-१९ को जित हात पारेकी हुन् । बेलटार ब्याडमिन्टन एकेडेमीकी दिया राई र ललितपुरकी टिशा रानी शाक्य तेश्रो भए ।

ललितपुरस्थित नखिपोट ब्याडमिन्टन सर्कलको कभर्डहलमा भएको प्रतियोगिताको यु १५ ब्वाईज तर्फ आर्मीका सुविन श्रेष्ठले उपाधि उचाले । श्रेष्ठले एपिएफका शिशिर रानालाई २१-१६, २६-२४ ले पराजित गर्दै उपाधि उचालेका हुन् । आर्मीका रिजन मगर र सौर्य महर्जन तेश्रो भए । गर्ल्स तर्फ कास्कीकी दिलाशा रानाले आर्मीकी रिहाना शेरचनलाई १९-२१, २२-२०, २१-१७ ले पराजित गर्दै उपाधि उचालिन् । एम.बि.बि.एफ.की निभा राई र दीपक ब्याडमिन्टन एकेडेमीकी अश्मिता खत्री संयुक्त तेश्रो भए ।

# गुजरातमा अविरल वर्षाका कारण १२ जनाको मृत्यु



**नयाँदिल्ली–** भारतको पश्चिमी राज्य गुजरातमा विगत केही दिनदेखि आएको वर्षा र बाढी कारण १२ जना व्यक्तिको मृत्यु भएको छ । प्राकृतिक विपत्तिबाट धेरैको जीवनमा प्रतिकूल असर परेको स्थानीय सञ्चारमाध्यमले आइतबार उल्लेख गरेका छन् ।

मृत्यु हुनेमा जामनगर जिल्लाका मात्रै छ जना रहेका छन् । मृत्यु हुने अन्य व्यक्ति अमरेली, बोटाड र आनन्दका स्तानीय रहेको बताइएको छ । जामनगरका तल्लो क्षेत्र डुबानमा परेकाले मानिस घरभित्रै थुनिएका छन् । जामनगर जिल्लाको भिसावदार क्षेत्रमा शुक्रबार ३४९ मिलिमिटर वर्षा भएको छ ।

लगातारको वर्षाका कारण गुजरातका नदी खतराको चिह्नभन्दा माथि बगिरहँदा स्थानीयमा त्रास बढेको छ ।

राज्यको दयनीय अवस्थालाई ध्यानमा राख्दै गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले बाढी प्रभावित क्षेत्रमा विशेषगरी राज्यको जामनगर, जुनागढ र कच्छ जिल्लामा भइरहेको राहत र उद्धारकार्यमा निरन्तर निगरानी बढाएका छन् ।

स्थानीय प्रशासनका अधिकारीलाई तल्लो क्षेत्रका मानिसलाई सुरक्षित स्थानमा सार्न लागिएको सञ्चारमाध्यमले जनाएका छन् । हिमाञ्चल प्रदेश र उत्तराखण्ड राज्यहरू बाढीबाट बढी प्रभावित छन् । आफ्नो पछिल्लो मौसम पूर्वानुमानमा भारतीय मौसम विज्ञान विभागले उत्तराखण्ड राज्यमा जुलाई १-५ सम्म मध्यमदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको बताएको छ ।

त्यस्तै उत्तराखण्डको लोकप्रिय पर्यटकीय गन्तव्य नैनीतालमा अति भारी वर्षा हुने चेतावनी जारी गरिएको छ । हिमाञ्चल प्रदेश राज्यका केही भागमा पहिरोले क्षति पुऱ्याएका विवरण आइरहेका छन् । *रासस/सिन्ह्वा*

## श्रीलंकाको घरेलु ऋण अनुकूलन संसद्बाट पारित

**कोलम्बो–** श्रीलंकाको घरेलु ऋण अनुकूलनसम्बन्धी प्रस्ताव केही विपक्षी सांसदको समर्थनमा शनिबार संसद्मा बहुमतले पारित भएको छ । उक्त प्रस्तावको पक्षमा १२२ र विपक्षमा ६२ सांसदले मतदान गरेका थिए । श्रीलंका संसद्का सभामुख महिन्दा यापा अबेवर्देनाले संशोधनसहितको प्रस्ताव पारित भएको संसद्लाई जानकारी दिएका छन् ।

विपक्षी सांसद वडिवेल सुरेश, कुमारा वेलगामा र स्वतन्त्र सांसद अनुरा प्रियदर्शन यापा र डा. सुदर्शनी फर्नान्डोपुल्ले प्रस्तावको पक्षमा मतदान गरेको कोलम्बो ग्याजेटले उल्लेख गरेको छ ।

संसद्ले शनिबार घरेलु कर्जा अनुकूलनसम्बन्धी प्रस्तावमाथि पूर्णता दिन बहस गर्ने निर्णय गरेको थियो । यसअघि सार्वजनिक वित्त समिति (सिओपिएफ)ले घरेलु ऋण अप्टिमाइजेसनसम्बन्धी प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो ।

यसअघि डा. हर्ष डे सिल्भाको अध्यक्षतामा रहेको सार्वजनिक वित्त समितिमा घरेलु ऋण अप्टिमाइजेसनबारे विस्तृत छलफल भएको थियो ।

कोलम्बो ग्याजेटका अनुसार श्रीलंकाको केन्द्रीय बैंक (सिबिएसएल)का गभर्नर डा. नन्दलाल विरासिंघे, कोष सचिव केएम महिन्दा सिरिवर्द्धना र अर्थ, आर्थिक स्थिरता र राष्ट्रिय नीति मन्त्रालयका उच्च अधिकारीसँग पनि छलफल भएको थियो । आर्थिक संकटको सामाना गरिरहेको श्रीलंकाले यसबाट मुक्ति पाउनका लागि विभिन्न किसिमका आर्थिक र राजनीतिक उपाय अवलम्बन गरिरहेको छ । *रासस/एएनआई*

## 'प्रधानमन्त्री मोदीको अमेरिका भ्रमणबाट गुजरातलाई सर्वाधिक लाभ'

**जामनगर (गुजरात)–** गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमणले गुजरातलाई सबैभन्दा बढी फाइदा पुगेको बताएका छन् । जामनगरमा शनिबार भएको एक कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा मुख्यमन्त्री पटेलले प्रधानमन्त्री मोदीको हालैको अमेरिका भ्रमणबारे जानकारी दिने क्रममा उक्त कुरा बताएका हुन् ।

प्रधानमन्त्री मोदी नेतृत्वको सरकारले देशको विकासमा गरेको योगदानको प्रशंसा गर्दै मुख्यमन्त्री पटेलले गुजरात सरकार र अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीबीच भएको समझदारीबाट आफ्नो राज्यलाई अधिक लाभ पुग्ने बताए ।

'प्रधानमन्त्री मोदीको सरकारको नौ वर्षको अवधिमा देशले सबै क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ, उहाँको अमेरिका भ्रमणबाट गुजरातले सबैभन्दा बढी फाइदा उठाएको छ, हामी अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीसँग सहकार्य गर्दै छौं, चाँडै उक्त कम्पनीको यहाँ हामी शिलान्यास गर्नेछौं,' मुख्यमन्त्री पटेलले भने ।

अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीले दुई अर्ब ५० करोड अमेरिकी डलरको लगानीमा गुजरातको सानन्दमा सेमीकन्डक्टर, सेमीकन्डक्टर मेमोरीलगायत सूचना प्रविधिसँग सम्बन्धित विभिन्न उपकरणको 'एसेम्बली, टेस्ट, मार्किङ, र प्याकेजिङ' कारखाना स्थापना गर्नेछ । अमेरिकी राष्ट्रपति जो बाइडेन, प्रधानमन्त्री मोदीका साथै अमेरिकी तथा भारतीय उच्च अधिकारीहरूको उपस्थितिमा गुजरातमा माइक्रोन टेक्नोलोजीले कारखाना स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा गुजरात सरकारका अधिकारीसँग हस्ताक्षर गरेको थियो । *रासस/एएनआई*


### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : 89 SWEETS & PASTRIES CO

पूर्व स्वीकृति मिति: २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT No.284515 | चलानी नं: ६०१९९८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/kitchen utensils | 14 | 0 | 110 | ४६,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Chocolate Maker | 5 | 0 | 170 | ७२,४८५ | | | | | | | |
| 3 | Cashier | 4 | 0 | 150 | ६३,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHAZAL CORPORATION FOR THE PROVISION OF BEVERAGES.

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No.288726 | चलानी नं. ६०२०४०३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 3 | 0 | 1500 | ५२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TWO GAZELLES TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No.288725 | चलानी नं. ६०२०४०३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 1500 | ५२,४८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1200 | ४१,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 288726 र 288725 मिति: २०८०/०३/१६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पुर्व स्वीकृति मिति २०७८/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 248734 | चलानी नं.६०१६५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 4 | 5 | 1000 | ३६,080 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Sunsari, Dharan Road 6, London Hotel मा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: Jhapa, Birtamod 1, Center Point Hotel मा मिति: २०८० असार २६/२७ गते (11/12th July. 2023) मा हुनेछ ।

कम्पनी : ALBAHER CLEANING AND HOSPITALITALY SERVICES

पुर्व स्वीकृति मिति २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 287070 | चलानी नं.६०२०२५६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 10 | 1000 | ३६,080 | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 10 | 0 | 1000 | ३६,080 | | | | | | | |

कम्पनी : PRIVATE TEAM PROJECT AND SERVICES LLC

पुर्व स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 288767 | चलानी नं.६०२०४१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 3 | 1000 | ३६,080 | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 0 | 1 | 1300 | ४६,८५५ | | | | | | | |
| 3 | Supervisior | 0 | 1 | 2500 | ९०,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MONASH TIME FOR JUICE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 288804 | चलानी नं. ६०२०४११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Maker | 3 | 3 | 140 | ५९,८१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 3 | 2 | 120 | ५१,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०७/०५९/६०

**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**

Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034
Email: service.bhairabintl@gmail.com

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : REAL FOOD PEOPLE SDN. BHD

पुर्व स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 288799 | चलानी नं. ६०२०४०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 20 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAIT AL-INSHAA CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति २०८०/०३/१७ | LT. No. 288809 | चलानी नं.६०२०४०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 2 | 0 | 1000 | ३४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

**ARANIKO OVERSEAS PVT. LTD.**

Kupondole (Opposite to Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

### वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ११०१०० | प्रति तोला – १०९५५० | प्रति तोला – १३७०

## ‘ऋणको उपयोग गर्ने नीति लिइएको छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले ऋण लिएपछि त्यसको प्रतिफल हासिल गर्ने नीति लिइएको बताएका छन् । प्रतिनिधिसभाको आजको बैठकले ‘राष्ट्र ऋण उठाउने विधेयक, २०८०’ विधेयकको दफावार छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री डा महतले ऋण लिनु नै खराब कुरा नभएकाले लिइएको ऋणबाट मुलुकको अर्थतन्त्रमा कस्तो प्रतिफल हासिल गर्ने भन्ने विषय महत्वपूर्ण भएको जनाए ।

महतले यथार्थको धरातलमा उभिएर आवश्यकताको सिद्धान्तमा रही विधेयक तयार पारेको बताए । भविष्यमा अनावश्यक पर्ने बोझप्रति सचेत भएर उत्पादनशील क्षेत्रमा खर्च गर्ने र गम्भीरताका साथ कार्यान्वयन गर्ने हिसाबले प्रस्ताव गरेको उनको भनाइ छ । उनले भने, ‘वैदेशिक ऋणबारे यथार्थ मूल्याङ्कनका आधारमा यो प्रस्ताव राखेका छौं



र आन्तिरक ऋण ४ दशमलव ६ प्रतिशतमात्र लिने निर्णय गरेका छौं ।’

वैदेशिक ऋण पूर्वाधार र विकास निर्माणमा मात्र प्रयोग गर्ने बताउँदै उनले कहिलेकाहीँ साधारण खर्च धान्न आन्तरिक स्रोत र राजस्वले धान्न नसकेको अवस्थामा मात्र आन्तरिक ऋणबाट समाधान गर्ने स्पष्ट पारे । मन्त्री डा महतका अनुसार अनावश्यक रूपमा साधारण खर्चलाई बढ्न नदिने बजेट उन्मुख रहेको छ । ‘घाँटी हेरेर हाड निल्नु भन्ने भनाइ जस्तै आम्दानी र राजस्व थोरै भएका कारण नै थप सामाजिक सुरक्षाको प्रस्ताव गरेनौं । तलब भत्ता बढाउने प्रस्ताव पनि गरेनौं । प्रशासनिक खर्च बढन नदिने आधारहरू बजेटमा प्रस्तुत गर्नुको कारण त्यही हो’, उनले भने ।

ठूलो ऋणभार भएको विषयमा उठेका प्रश्नमा उनले धेरै ठूलो ऋण नभएको भन्दै ठूला भवन निर्माण र ऋण लिदाको सर्त हेरेर, सहुलियतका आधारमा, कम सर्तमा आधारमा, मापदण्डमा सरकार सचेत रहेको बताए । अर्थमन्त्री महतले अनुउत्पादनक क्षेत्रमा लगानी गर्नेगरी ऋणको अनावश्यक बोझ नथप्नेसमेत प्रस्ट पारे । बेरुजु नबढाउन वित्तीय अनुशासनमा कडाइ गरेको उनले बताए । मन्त्री महतले सरकारले नियमित रूपमा वैदेशिक ऋण तिर्ने गरेको दाबीसमेत गरे । उनले सावाब्याज तिर्नुपर्ने दायित्व बढ्दै गएको भन्दै पुँजीगत खर्च गर्ने क्षमतामा प्रभाव पर्ने बताए ।

## छेन्दु-पोखरा उडान गर्न सिचुवान सकारात्मक

**काठमाडौं (प्रस)–** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सिचुवान एयरलाइन्स छेन्दुबाट नेपालका नयाँ विमानस्थलमा उडान गर्न सकारात्मक रहेको बताएका छन् । पाँच दिने चीन भ्रमण सकेरस्वदेश फर्किने क्रममा उनले सो कुरा बताएका हुन् ।

भ्रमणका क्रममा सिचुवान एयरलाइन्सका पदाधिकारीसँग छलफल भएको जानकारी दिँदै उपप्रधानमन्त्री श्रेष्ठले छेन्दुबाट नेपालका नयाँ विमानस्थलमा उडान गर्न एयरलाइन्सले सकारात्मक जवाफ दिएको बताए । उनले छेन्दु-काठमाडौं रुटमा दैनिक उडान संख्या थप गर्न र पोखरा तथा भैरहवा विमानस्थलमा व्यावसायिक उडान गर्न आग्रह गरिएको जानकारी दिए ।

‘छेन्दु-काठमाडौं दैनिक उडान गर्न अनुरोध गरेको छौं। त्यसमा उहाँहरूले सकारात्मक वचन दिनुभएको छ । छेन्दु-पोखरा र छेन्दु-भैरहवा व्यावसायिक उडानका निम्ति आग्रह गरेको छौं । त्यसमा उहाँहरूले पोखरामा अलिबढी सकारात्मक ढङ्गले सोचेको जानकारी गराउनुभएको छ । हामीले छेन्दुबाट भैरहवामा पनि सिधा उडानका लागि जोड दिएका छौं’, उपप्रधानमन्त्री श्रेष्ठले भने ।

भ्रमणका क्रममा उपप्रधानमन्त्री श्रेष्ठले छेन्दुमा आयोजित १९औं पश्चिम चीन अन्तर्राष्ट्रिय मेलालाई मुख्य वक्ताका रूपमा सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा उनले नेपाल सरकारले लगानी प्रणालीमा उल्लेख्य सुधार गरी विदेशी लगानीलाई प्रोत्साहन, प्रवर्द्धन एवं संरक्षण गर्ने नीति लिएकाले नेपालमा लगानी गर्न आग्रह गरेका थिए ।

छेन्दुमा रहँदा उपप्रधानमन्त्री श्रेष्ठले सिचुवान विश्वविद्यालयमा नेपाल-चीन सम्बन्धबारे मन्तव्य दिएका थिए । उनले सिचुवान प्रान्तीय लगानी समूहसँग छलफल गरी नेपालमा लगानी वृद्धि गर्न आग्रह गरेका थिए । उपप्रधानमन्त्री श्रेष्ठसहितको नेपाली प्रतिधिमण्डलले सन् २००८ को भूकम्पबाट ठूलो क्षति व्यहोरेको सिचुवान प्रान्तको वान चोन काउन्टीको पुन:निर्माण तथा भूकम्पीय सङ्ग्रहालयको अवलोकन गरेको थियो ।

## कर्पोरेट

### महालक्ष्मी विकास बैंकद्वारा हिरा गिरी जेहेन्दार छात्रवृत्ति वितरण



**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकले त्रिभुवन हनुमान माध्यामिक विद्यालय बिरगंज, पर्सामा कक्षा नौंमा अध्यनरत छात्र जीवन राजवंशीलाई हिरा गिरी जेहेन्दार छात्रवृत्ती प्रदान गरेको छ । विभिन्न सातवटा वित्तीय संस्था मिलेर बनेको महालक्ष्मी विकास बैंकको एक महत्वपूर्ण संस्था महालक्ष्मी फाइनान्सका संस्थापक अध्यक्ष स्व. हिरा गिरीको स्मृतिमा स्थापित हिरा गिरी जेहेन्दार छात्रवृत्ती बैंकका सञ्चालक समितिका सदस्य श्याम सुन्दर रुङ्गटाले आमाको माया छात्रावासका अध्यक्ष भावरलाल पारिकलाई हस्तान्तरण गरेका हुन् ।

अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकोले विद्यार्थीको अध्यापनमा सहयोग पुऱ्याउने उद्देश्यले रु.पचास हजार बराबरको छात्रवृत्ती उपलब्ध गराएको बैंकले जनाएको छ । उक्त कार्यक्रममा बोल्दै बैंकका सञ्चालक समितिका सदस्य रुङ्गटाले विद्यार्थीहरू देशका कर्णधार भएकोले गुणस्तरिय शिक्षा अपरिहार्य रहेको कुरा व्यक्त गरे । विद्यालय व्यावस्थापनका अध्यक्ष श्री गोपाल केडियाले विद्यार्थीलाई प्रदान गरिने यस्ता छात्रवृत्तीले गुणस्तरिय शिक्षामा टेवा पुऱ्याउने कुरा जानकारी गराउदै बैंकले गरेको सहयोग प्रती कृतज्ञता जाहेर गरे ।

आगामी दिनहरूमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरूलाई थप प्रभावकारी रूपमा निरन्तरता दिने कुरा बैंकले जनाएको छ । विगत देखि नै ग्राहक महानुभावहरूको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिवद्ध रहिआएको यस बैंकले आम ग्राहक महानुभावहरूको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर अझै थप गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने प्रतिवद्धता जनाएको छ ।

### कर्मचारीमाथि भौतिक आक्रमणको सिबिफिनद्वारा भर्त्सना

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL
बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल

**काठमाडौं (प्रस)–** बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले विभिन्न संस्थाहरूमा कार्यरत कर्मचारीमाथि गरिएको भौतिक आक्रमणको भर्त्सना गरेको छ । सिबिफिनको बिहीबार सम्पन्न सातौं बैठकले बैंक तथा वित्तीय संस्था, सोको सम्पत्ति, साख एवं सोमा कार्यरत कर्मचारीहरूको विरुद्धमा विभिन्न व्यक्ति, संस्था तथा समूहहरूबाट निरन्तर रूपमा भइरहेको भौतिक आक्रमण एवं गैरकानुनी गतिविधिहरूसम्बन्धी विभिन्न निर्णय गरेको छ ।

सिबिफिनद्वारा जारी विज्ञप्तिमा अगाडि भनिएको छ, ‘कुनै पनि व्यक्ति, समूह वा संघ संस्थाको आवरणमा बैंक तथा वित्तीय संस्थाको साख, गरिमा, विश्वसनियता वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने, बैकिङ्ग व्यवसायमा अवरोध सिर्जना गर्ने, बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा भ्रम सृजना गर्ने, बैंक वित्तीय संस्थाहरूबाट लिएको कर्जाको साँवा ब्याज नतिर्न दुरुत्साहन गर्ने र बैंक तथा वित्तीय संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाई भौतिक आक्रमण गर्ने, मानमर्दन गर्ने, वा आफ्नो कर्तव्य पालना गर्न असुरक्षित एवं असमर्थ बनाउनेलगायत प्रचलित कानुनबाट बर्जित क्रियाकलापहरू देशका विभिन्न स्थानहरूमा निरन्तर रूपमा भैरहेकोले त्यस्तो क्रियाकलाप गर्ने जोसुकै व्यक्ति तथा संघसंस्थाहरूका विरुद्ध अनिवार्य रूपमा मुद्दा चलाउने तथा प्रचलित कानुन बमोजिम कडा कारवाहीका लागि सम्बन्धित निकायमा उजुरी गर्नेलगायत बैंक तथा वित्तीय संस्थाको निक्षेपकर्ता, ऋणी तथा समग्र सरोकारवालाहरूको हकहित संरक्षणको लागि आवश्यक कदम चाल्न बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र यसमा आवद्व सबै बैंक वित्तीय संस्थाहरू पूर्ण रूपमा एकताबद्ध, प्रतिबद्व र दृढ संकल्पित रहेको विषय सबै सरोकारवालाहरूको जानकारीको लागि सूचित गर्दछौं ।’

परिसंघले बैंक तथा वित्तीय संस्था र सोमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको प्रभावकारी सुरक्षा प्रबन्ध मिलाउन सम्माननीय प्रधानमन्त्री, गृहमन्त्री, गृह सचिव, प्रहरी महानिरिक्षक, ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलगायत सम्बन्धित सबै समक्ष जोडदार माग समेत गरेको छ ।

परिसंघले निर्वाध रूपमा सुरक्षित वातावरणमा प्रचालित ऐन कानुनद्वारा बैंक तथा वित्तीय संस्थाहरूलाई प्रदत्त अधिकारको प्रयोग गर्दै सोही बमोजिम निर्देशित बैंक तथा वित्तीय संस्थाहरूले बहन गर्नुपर्ने कर्तव्य तथा जिम्मेवारी पूरा गर्न सहज हुने वातावरणको सुनिश्चितता नेपाल सरकार र सो अर्न्तगतका निकायहरूबाट हुन नसक्ने हो भने नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो सेवा पूर्ण रूपमा बन्दै गर्नुपर्ने परिस्थिति सृजना हुन सक्नेतर्फ सचेत गराउँदै र सोवाट आम निक्षेपकर्ता, ऋणी लगायत सम्पूर्ण सरोकारवालाहरूको हक, हित संरक्षण तथा सम्बर्द्धनमा गम्भीर र संकट उत्पन्न हुने र यसवाट अन्ततोगत्वा समग्र अर्थतन्त्रमा नै अकल्पनीय संकट सिर्जना हुने भएकोले नेपाल सरकारलगायत सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण गराएको छ ।

### सन्राइज बैंकले भद्रपुरमा बनायो प्रतीक्षालय



**भद्रपुर (प्रस) –** सन्राइज बैंक लिमिटेड भद्रपुर शाखाले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत कोशी प्रदेशको भद्रपुरस्थित गिरिचोकमा यात्रु प्रतीक्षालयको निर्माण गरेको छ । आषाढ १७ गते आइतबार आयोजित कार्यक्रममा भद्रपुर नगरपालिका प्रमुख श्री गणेश कुमार पोखरेल तथा बैंकका कोशी प्रदेश प्रमुख बिनोद गजुरेलद्वारा संयुक्त रूपमा उक्त यात्रु प्रतीक्षालयको उद्घाटन तथा हस्तान्तरण गरेका थिए । उक्त कार्यक्रममा भद्रपुर नगरपालिका उपप्रमुख राधा कार्की, वडा नं. ५ का वडाध्यक्ष बन्धु कार्की बैंकका शाखा प्रबन्धक भरत प्रसाई लगायतको उपस्थिती रहेको थियो । उक्त यात्रु प्रतीक्षालयको निर्माणले मेची राजमार्ग तथा भद्रपुर बसपार्क सम्म यात्रा गर्ने दैनिक सयौं यात्रुहरू लाभान्वित हुने बैंकको विश्वास छ । नगरपालिका प्रमुख गणेश कुमार पोखरेलले उक्त कार्यप्रति हार्दिक आभार व्यक्त गर्दै सन्राइज बैंकलाई धन्यबाद ज्ञापन गरेका थिए । सन्राइज बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत देशैभरी स्वास्थ्य, शिक्षा, शिपमुलक तालिम, वित्तिय साक्षयरता, पूर्वाधार निर्माण आदि क्षेत्रहरूमा विभिन्न कामहरू गर्दै आएको छ ।

## सडकजत्तिकै चौडाइमा पुल निर्माण गरिने

**काठमाडौं–** काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले उपत्यकाको पुलको चौडाइ सडकको जत्तिकै चौडाइमा पुल निर्माण गर्ने भएको छ । विगतमा सडकमात्रै विस्तार भएकामा अहिले सडकजत्तिकै चौडाइमा पुल विस्तार गर्न लागिएको हो । अधिकांश सडकमा सडक निर्माणको थोरैमात्रै काम बाँकी हुँदा पुल निर्माण अघि बढाउन लागिएको आयोजनाले जनाएको छ ।

चावहिल-साँखु, जोरपाटी-सुन्दरीजल, कर्मनाशा खोला-गोदावरी, कलंकी-थानकोटलगायतका सडकमा पुल बनाइने आयोजनाका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । थानकोट सडकमा बल्खु खोला, गोदावरीमा गोदावरी खोला, साँखुमा बागमतीसँगै मनोहरा र मनोमतामा पुल बनाउन लागिएको हो । उनले भने, ‘यी पुलमा निर्माणमा जाने क्रममा रहेका छन् ।’

चावहिल-साँखु सडकमा यो वर्ष पुल निर्माणका लागि ठेक्का सम्झौता भएको थियो । दुईदेखि साढे दुई वर्ष अवधिका पुलहरू रहेको सूचना अधिकारी जोशीले बताए । उनले भने, ‘यो आवको ठेक्का भएर अहिले डिजाइन भइरहेको छ । अर्को वर्षमा पुल निर्माण हुनेछ ।’

पहिले दुई लेनको पुल रहेकामा अहिले कम्तीमा चार लेन हुने आयोजनाले जनाएको छ । सडक नै कम चौडाइमा विस्तार भएका ठाउँमा पनि कम्तीमा सडकको चौडाइ बराबरको पुल बनाइने आयोजनाले जनाएको छ । निर्माण कम्पनी आफैंले डिजाइन गर्ने गरी डिजाइन एण्ड बिल्ड ठेक्कामार्फत निर्माण गर्न लागिएको हो । चावहिल-साँखु पुल निर्माण गर्न लागिएका तीन स्थानमध्ये सबैभन्दा बढी सवारी चाप नारायणटारको बागमती पुलमा रहेको छ ।

उपत्यकाका यी सडकमा रहेको सवारी चाप व्यवस्थापनका लागि सडक विस्तार भए पनि पुल साँघुरो नै भएकाले तीनलाई समेत विस्तारको योजना बनाइएको हो । उपत्यकामा थप ठाउँमा सडक विस्तारको योजना नरहेकाले अहिले पुलको नै काम हुने उनले बताए । विगतमा निर्माणस्थल खाली नहुँदा सात-आठ वर्षसम्म पनि सडक सम्पन्न नभएकाले सरकारले तत्काल नयाँ सडकमा विस्तारको योजना बनाएको छैन । *रासस*

विषादीको प्रयोगमा सचेत बनौं
विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरू,
- थकान महसुस हुनु, टाउको दुख्नु, रिंगटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु ।
- नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक-वाकी लाग्नु, बान्ता हुनु र निद्रा नपर्नु ।
- हिंड्दा लड्खडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु ।
त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ